सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम भाग),कर्णाली प्रदेश,नेपाल

सानीभेरी राजपत्र

खण्डः ९ संख्या :०८ मितिः २०८२/०४/०१

# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

# वार्षिक नीति तथा कार्यक्रम २०८२

गाउँ सभामा प्रस्तुत मितिः२०८२/०३/१०
गाउँ सभाबाट पारित मितिः२०८२/०३/२८

सानीभेरी गाउँपालिका

**गाउँसभाका सदस्य ज्यूहरु,**

पुर्व जनप्रतिनिधी ज्युहरु ,राष्ट्रसेवक कर्मचारीहरु शिक्षक बर्ग बुद्धिजीवि किसान ब्यवसायी पत्रकार यहाँ उपस्थित सम्पुर्ण महानुभावहरु साथै सामाजिक संजाल, विभिन्न माध्यमबाट सुनेर हेरेर बस्नुहुने सम्पुर्ण युवा वर्ग, आमावुवा ,दाजुभाई तथा दिदिबहिनिहरु ।

- नेपालको संविधान वमोजिम दोस्रो कार्यकालमा निर्वाचित चौथो आर्थिक बर्षको नीति तथा कार्यक्रम यस गरिमामय सानीभेरी सभामा सभाको अध्यक्षको हैसियतले पेश गर्न पाउँदा गौरवको महसुस गरेको छु।
- यस अवसरमा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना दिगो तथा संस्थागत विकास गर्नको लागी नेपाली जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन २०५२

सालदेखी २०६३ साल सम्म सन्चालन भएको सशस्त्र युद्ध सबै - किसिमका गौरवपुर्ण आन्दोलनको स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको सार्वभौमिकता, भौगलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता,स्वाभिमान, राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न जनआन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान् वीर शहीदहरुप्रति उच्च सम्मान प्रकट गर्दै हार्दिक भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु। साथै, घाइते, बेपत्ता योद्वाहरुको त्याग, तपस्या र बलिदान तथा अग्रजहरुको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु।

- संवत २०८० साल कार्तिक १७ गते जाजरकोट केन्द्रविन्दु भई गएको विनाशकारी भुकम्पबाट अझैपनि अस्थायी आवासमा कष्टकर जीवन ब्यतीत गरिरहेका सानीभेरीबासीमा संघीय सरकार संग आवश्यक समन्वय र पहलकदमी गरी छिट्टै निजि आवास पुनर्निर्माण गरी जीवन सामान्य अवस्थामा फर्काउन बाचा ब्यक्त गर्दछु ।
- नेपालको संविधानले संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना तीन तहको सरकार हुने व्यवस्था गरे अनुसार संविधान वमोजिम तीनै तहले राज्य शक्तिको प्रयोग गर्ने व्यवस्था रहेको छ। तसर्थ संवैधानिक तथा कानुनी ब्यबस्था अनुरुप सानीभेरी गाउँपालिकाले आफ्नो क्षेत्राधिकार भित्र रही आवधिक तथा बार्षिक योजना, नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गर्दै आएको कुरा सबैलाई स्मरण गराउन चाहन्छु।
- संघीयताको वास्तविक अनुभूति जनताको निकट भई सेवा, विकास र सुशासन प्रवर्द्धन गर्नु हो। यसका लागि सानीभेरी गाउँपालिका नागरिकमैत्री सेवा प्रवाह, जनताको मागमा आधारित विकास ब्यबस्थापन र सामाजिक न्याय सहितको समृद्धि हासिल गर्न दृढ प्रतिबद्ध रहेको छ।स्थानीय तहको दोस्रो कार्यकालको चौथो बर्षको नीति तथा कार्यक्रम मार्फत समृद्ध सानीभेरीको सपना साकार पार्न हाम्रो गाउँपालिकाको न्युन स्रोतले भ्यायसम्मका कुनै कसर बाँकी नराख्ने संकल्प पेश गर्न चाहन्छु।
- नेपाल सरकारको १६ औं आवधिक योजनाले लिएका लक्ष्य र उदेश्यहरु दिगो विकासका लक्ष्यहरु, कर्णाली प्रदेश सरकारको आवधिक योजना र सानीभेरी गाउँपालिकाको दोस्रो पञ्चबर्षिय आवधिक योजना, मध्यमकालीन खर्च संरचना, आ.व २०८२/८३ को संघ तथा प्रदेशको नीति तथा कार्यक्रम र बजेटले मार्गनिर्देश गरेका लक्ष्यहरु विभिन्न समयमा विषयगत समितिले दिएका सुझावहरु कार्यन्वयन गर्ने प्रतिबद्धता सभा समक्ष पेश गर्दछु।
- आर्थिक वर्ष ०७८/७९ देखी नै संघीय समानीकरण अनुदान तथा राजस्व बाँडफाड बाट प्राप्त हुने आय र पालिकाको आफ्नै आन्तरिक स्रोतबाट प्राप्त राजस्व कमजोर हुँदा आयोजना तथा कार्यक्रमहरु सोही बर्ष कार्यन्वयन हुन नसकी दायित्व सर्दै गई पछिल्लो आर्थिक बर्षका बजेटहरु प्रभावित हुँदै गएको कुरा सभालाई जानकारी गराउन चाहन्छु।संघीय राजस्व बाँडफाड तथा संघीय समानीकरण अनुदान र आन्तरिक आय प्रक्षेपण अनुसार उपलब्ध नहुँदा न्यून बेतनमा काम गर्ने पालिका स्रोतका शिक्षक तथा कर्मचारी बार्षिक कार्यक्रम र बजेट सिलिङ अनुरुपका

सानीभेरी गाउँपालिका

विभिन्न आयोजना तथा कार्यक्रमहरु समयमै भुक्तानी दिन नसकिएको यथार्थ सभासमक्ष राख्न चाहन्छु ।पालिकाको कमजोर आर्थिक अवस्था, भुकम्पले सानीभेरी बासीमा ल्याएको आर्थिक, सामाजिक तथा मनोबैज्ञानिक बेचैनमा पनि गाउँपालिकाले शिक्षा, स्वास्थ्य, कृषि र पशु,सडक,खानेपानी तथा सरसफाई,सिँचाइ सामाजिक सुरक्षा तथा संरक्षण, विपत ब्यवस्थापन, काम र रोजगारी,सार्वजनिक सेवा प्रवाह, भष्ट्राचार नियन्त्रण तथा पारदर्शिता, सुशासन र विधिको शासन, विकास ब्यवस्थापन, बेरुजु न्युनीकरण लगायतका क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गरेको ब्यहोरा सूचित गर्दछु ।

- कृषिमा उत्पादन तथा बिक्रिमा आधारित अनुदान कार्यविधि अनुरुप ३०४ घरधुरीका किसानहरु प्रत्यक्ष रुपमा लाभ लिएका छन ।सानीभेरी गाउँपालिकाको उच्च भुभागमा ६ हेक्टर क्षेत्रमा ओखर खेतीका लागि सम्झौता भएको छ ।मागमा आधारित लागत साझेदारीमा कृषि/सहकारी समूहमार्फत कार्यक्रम सञ्चालन,तरकारी पकेट क्षेत्र निर्धारण, व्यवसायिक खेती प्रवर्द्धन,कृत्रिम गर्भाधान अभियान, ११ वटै वडाको माटोको नमुना परिक्षण,४०९२८ पशुको पशु रोग परीक्षण,३०७ रेविज खोप र ३७० पशु बन्ध्याकरण,पिपिआर खोप संचालन, उत्पादन वृद्धिका लागि बीउ, मिनीकिट, र विषादी वितरण,कृषि हाटबजारको स्थापना, बीउ बीजन वितरण कार्यक्रम, फलफूल क्षेत्र विस्तार र BEE group तथा NAFHA परियोजनासँग सहकार्यमा मा किसान प्रशिक्षणको काम सम्पन्न भएको छ। दुध उत्पादनमा वृद्धि गरी पुशपालन तर्फ किसानलाई आकर्षित गर्न चालु आर्थिक बर्षको जेष्ठ मसान्त सम्म ७१८ वटा भैसीलाई रु ३००० का दरले सुत्केरी स्याहार भत्ता उपलब्ध गराईएको छ ।
- उद्यमी निर्माण लक्षित सीप विकास तालिमहरू (सिलाइकटाइ, बाख्रापालन, मिस्त्री,हाते ट्याक्टर मर्मत आदि)।चालु आर्थिक बर्षमा ३४६जना मिस्त्रीलाइ पलम्बर, हावस वाइरिङ्ग, सिकर्मी र डकर्मी तालिम प्रदान गरिएको छ।यसले गर्दा भुकम्प पछिको पुनर्निर्माणमा ठुलो टेवा पुग्ने अपेक्षा पालिकाले गरेको छ।चालु आर्थिक बर्ष सम्म २६३ वटा उद्योग तथा ब्यापार तर्फका ब्यवसाय दर्ता भइ संचालनमा आएका छन। गरिवी निवारण तथा उद्यमशिलता प्रवर्धन गर्न लघु उद्यम कार्यक्रम मार्फत वडा नं ६ मा अल्लो धागो प्रशोधन कार्यक्रम सम्पन्न भएको छ ।
- २२वटा रोजगार आयोजना मार्फत २५० जनालाई १०० दिनको रोजगारी प्रदान गरिएको छ ।विश्व खाद्य कार्यक्रमको सहयोगमा ७०० जना घर परिवारलाइ ४० दिन बराबरको रु.५ करोड ३३ लाख लागतमा रोजगारी सिर्जना गरिएको छ ।सानीभेरी गाउँपालिका सामाजिक सुरक्षा कोषमा सूचीकृत भइ चालु आर्थिक बर्ष देखी ५३ जना अस्थायी करार कर्मचारीलाइ सामाजिक सुरक्षा कोषमा आवद्ध गरेको छ ।यसले सेवाको सुरक्षाको साथै कर्मचारीको मनोबल उच्च राखेको छ ।
- शिक्षा क्षेत्रमा आधारभूत(कक्षा ६-८) र माध्यमिक विद्यालयमा शिक्षकको निरन्तर पेसागत सहयोग,शिक्षकको पेसागत विकासका कार्यक्रम,प्रधानाध्यापकहरुसँग ४३ बुँदे कार्यसम्पादन

सानीभेरी गाउँपालिका

सम्झौता,१६ वटा विद्यालयहरुमा भौतिक संरचना निर्माण प्रारम्भिक बाल विकास देखि कक्षा ३ सम्मका विद्यार्थीमा भएको अपाङ्गताको प्रारम्भिक पहिचान,कक्षा ५ र कक्षा ८ को परीक्षा गाउँपालिका स्तरमा सञ्चालन तथा विद्यालयका सम्पूर्ण कक्षाको नतिजा IEMIS मार्फत प्रकाशन,विद्यार्थीमा भएको सिकाइ क्षतिको आपूरण तथा द्रुत सिकाइ कार्यक्रम सञ्चालन,नियमित रुपमा विद्यालय निरीक्षण, अनुगमन तथा शिक्षकलाई प्राविधिक सहयोग प्रदान,निशुल्क रुपमा छात्राहरुलाई स्यानीटरी प्याड वितरण,शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगको थालनी,विपन्न लक्षित छात्रवृत्ति, छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति विवतरण,चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति प्रदान र गाउँपालिकाको शैक्षिक वस्तुस्थिति निर्माण गरिएको छ ।

- बिपन्न परिवारका १२८ बालबालिकाहरुलाइ रु.१० हजारका दरले र ३६१ जनाको बैंक खातामा ४ हजारका दरले सिकाइ निरन्तरताका लागि सहयोग प्रदान गरिएको छ। आपतकालीन बाल उद्धार कोषबाट १० जना जोखिममा परेका बालबालिकालाइ चालु आर्थिक बर्षमा सहयोग गरिएको छ ।४३ जना बालबालिकालाइ रु.४३ सयका दरले शैक्षिक सहयोग गरिएको छ।७ जना अनाथ बालबालिकालाइ मासिक रु.२ हजारका दरले सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइएको छ ।
- १३७ जना गर्भवती आमाहरुलाई निशुल्क एम्बुलेन्स सेवा, ८७ जना अति गरिब नागरिकलाई रु. ७ लाख बराबरको नागरिक उपचार सहायता, १५ शैया आधारभुत अस्पतालको निर्माणको काम अन्तिम चरणमा, ४ करोड लागतमा अर्मा स्वास्थ्य चौकीको भवन,२.५ करोड लागतको चाइनावगर स्वास्थ्य चौकी भवन ५० लाख लागतमा गरायला स्वास्थ्य चौकी भवन, ५० लाख लागतमा गोरुमारेमा स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण सुरु भएको छ ।शून्य मातृ र बाल मृत्युदर, १५८३ जना किशोरीहरुलाई HPV खोप सेवा दिइएको छ, संस्थागत सुत्केरीको संख्यामा उल्लेख्य वृद्धि, कुपोषको सफल उपचार, मासिक सहायता कार्यक्रम, खोप सेवा वितरण सुत्केरी अति विपन्न गरिब आकस्मिक दुर्घटनामा परेका नागरिकको जीवन संरक्षणका लागि निशुल्क एम्बुलेन्स सेवा, मृगौला प्रत्यारोपन गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका २५ जना विरामीलाई मासिक ५००० का दरले उपचार सहायता रकम प्रदान, ३९७ BCG र ४३१ जनालाई दादुरा रुवेला खोप सेवा प्रदान, ३०८८४ जना विरामीको उपचार जेठ मसान्त सम्ममा गरिएकोछ। सानीभेरी ११ मा १४० जना गर्भवती र विपन्न आमाहरुलाई ३ हर्से कुखुरा वितरण गरिएकोछ ।५० जना शंकास्पद विरामीको खकार संकलन गरि क्षयरोगको स्क्रिनिङ गरिएकोछ, १६५ जना गर्भवतीहरुलाई निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिएकोछ, ३८५ जना महिलाहरुको पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरिएकोछ, खोज र

सानीभेरी गाउँपालिका

खोप अभियान अन्तर्गत ५ बर्षमुनिका सम्पुर्ण बालबालिकाहरुलाई खोजि गरि खोप छुट भएका १३ जना बालबालिकालाई नियमित खोपमा जोडिएकोछ ।

- खानेपानी तथा सरसफाइ तर्फ लिफ्टिङ योजना,पालिकाको सुस्वा परियोजना र युनिसेफको संयुक्तपरियोजनामा INLINE CHLORINATION सहित १८ आयोजनाको निर्माण,वाटर क्वालिटी परीक्षण, शौचालय निर्माण, स्वच्छता गोष्ठी, स्यानिटरी प्याड निर्माण तालिम यसै आर्थिक बर्षको हिउँदे गाउँसभाबाट खानेपानी,सरसफाइ तथा स्वच्छता विधेयक पारित गरिएको छ ।बुकीचौर बाब्बेटाकुरा सानीभेरी-१, प्याङ्चेखोला टोट्के सानीभेरी -९ निर्माण सम्पन्न भएका छन भने राङ्गखोला लिफ्ट खानेपानी आयोजना सानीभेरी ११ निर्माणाधिन अवस्थामा रहेको छ ।
- युवा तथा खेलकुद सम्वन्धी विभिन्न विधाका ८ वटा कार्यक्रम सम्पन्न भएका छन।प्रथम पालिका स्तरीय अध्यक्ष T-20 क्रिकेट लिग सम्पन्न भएको छ ।भलिबल फुटबल क्रिकेट एथेलेटिक्स लगायतका विधामा पालिकाले क्षमतावान खेलाडी उत्पादन गर्नका लागि आवश्यक लगानी गरिरहेको छ
- बालबालिकाका विभिन्न बालसंरचना पुनगठन बालविवाह र बालश्रम न्युनिकरण गर्न अभियानको रुपमा साझेदार संस्थासंग समन्वय गरी आवश्यक पहल गरिएको छ। स्थानीय बालअधिकार समिति गठन वडास्तरीय बाल संरक्षण समिति गठन तथा परिचालन र विद्यालयमा बाल क्लब गठन गरी विद्यालय स्तरदेखी नै बालबालिकाको नेतृत्व तथा क्षमता विकासका काम सम्पन्न भैरहेका छन ।जेष्ठ नागरिकको मर्यादा र सम्मानका लागि विभिन्न पर्यटकीय स्थल अवलोकन तथा भ्रमण सम्मपन्न भएको छ ।
- रिटनाखोला- मेलचौर, देउताखोला- रिटनाखोला, मुरिगाड -कोटगाउ, रिम्ना -पेदी, नायखोला -गौलचौर चाइनाबगर -पक्रैया, गिठाकोट जिउला- डोप्केमुल सडकको स्तोरोन्नति गरिएको छ।भण्डारवन कामीगाउँ- कल्लेरी ,चाइनाबगर- बसनडाँडा, गोलचौर -टुरा, चाख्लेमेला- राम्री सडकको चालु आर्थिक बर्षमा ट्र्याक ओपन गरिएको छ ।२ वटा झोलुङ्गे पुल र ६ वटा साना सिंचाई योजना यसै आर्थिक बर्षमा सम्पन्न भएका छन ।
- वडा नं ४ र वडा न २ वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेका छन । यो संगै ८ वटा वडा कार्यालयको आफ्नै प्रशासकीय भवन निर्माण भएका छन ।गाउँपालिका प्रशासकीय भवन निर्माण सम्पन्न भएको छ ।नेरामावि घापाघारको ६ कोठे विद्यालय भवन निर्माण र शहिद स्मृति भवन निर्माण सम्पन्न भएका छन ।भुकम्प बाट विपन्न १६ जना नागरिकको २ कोठे र जनता आवास कार्यक्रम अन्तर्गत ६ जना विपन्न नागरिकका घर निर्माण भएका छन ।नक्सा पास गरी भवन निर्माण गर्ने प्रक्रिया अगाडि बढेको छ ।
- सबै वडामा विद्युत विस्तार कार्य सम्पन्न भएको छ । विद्युत नपुगेका टोल बस्तीमा आगामी आर्थिक बर्षसम्म पुर्याइसक्ने लक्ष्य रहेको छ ।नेपाल टेलिकम संग द्विपक्षीय सम्झौता भइ सस्तो सेवा शुल्कको इन्टरनेट सुविधा विस्तारको काम भइरहेको छ ।रेडियो मौराखाराको मर्मत

सम्भारको कार्य सम्पन्न भएको छ ।जिल्लाका विभिन्न रेडियो र संचार मिडिया संग पालिकाले निरन्तर सहकार्य वढाइरहेको छ ।

- बजार क्षेत्र सफा र स्वच्छ राख्नका लागि सानीभेरी ९ सुलिहालेमा अस्थायी डम्पिङ साइट निर्माण गरिएको छ ।वडा न ४ मा रिचार्ज पोखरी निर्माण संगै प्रत्येक टोलमा रिचार्ज पोखरी निर्माणको कार्यलाइ अभियानको रुपमा लिइएको छ ।पालिकाको बन ब्यवास्थापनको लागि सामुदायिक वन उपभोक्ता महासंघ र जिल्ला वन कार्यालय संग अन्तरक्रिया कार्य सम्पन्न भएको । जिल्ला वन कार्यालयको सहयोगमा सानीभेरी ७ को नदीउकास जमिनमा वृक्षारोपण र कम्तीमा एक वटा साममुदायिक वनलाइ नमुना सामुदायिक वन बनाउने सहमति भएको छ ।सानीभेरी १ चाइनाबगर र बाउनीखेतमा नदी नियन्त्रणका लागि तटबन्धनको कार्य सम्मपन्न भएको छ ।
- विपत ब्यवस्थापनका लागि LDCRP ,LDCRF योजनाहरु पालिकाले चालु आर्थिक बर्षमा निर्माण गरेको छ ।आपतकालीन कार्यसंचालन केन्द्र संचालनमा रहेको छ ।६३३५ घरधुरीको अस्थायी आवास निर्माण अनुदान प्रदान गरिएको छ ।६०३८ घरधुरीको विस्तृत क्षति मूल्याङकन (DDA) को काम सम्पन्न भएको छ ।सानीभेरी नदीबाट हुन सक्ने जलउत्पन्न प्रकोपका लागि बाँफिकोट गाउँपालिका वडा नं ३ मा पुर्व सूचना प्रणाली जडान गरिएको छ।
- राजस्व संकलन बजेट निर्माण लेखाङ्कन भुक्तानी प्रक्रिया र प्रतिवेदन पुर्ण रुपमा अनलाइन गरिएको छ। योजना सम्झौता सफ्टवेयर प्रणाली मार्फत गरिएको छ।सामाजिक सुरक्षा भत्ता इफटि मार्फत प्रत्येक वडाबाट वितरण गरिएको छ।सामाजिक सुरक्षा प्रभावकारी बनाउन बायोमेट्रिक प्रणाली सुरुवात गर्ने तयारी पुरा भएको छ ।
- न्याय निरुपण तथा विवाद समाधानमा सानीभेरी अग्र स्थानमा रहेको छ ।न्यायिक समितिमा परेका २६ वटा उजुरी मध्य १७ वटा फछ्यौट भएका छन ।२५ वटा इजास बैठक सम्पन्न भएका छन ।
- पालिकाको सेवा प्रवाहलाइ पारदर्शी र जवाफदेही बनाउन तत् तत् पदाधिकारी र कर्मचारीलाइ जिम्मेवार बनाइएको छ ।प्रत्येक ३ महिनामा पालिकाले गरेका कामको स्वत: (Proactive Disclosure) प्रकाशन गर्ने गरेको छ । आय ब्ययको अर्धबार्षिक समीक्षा सम्पन्न भएको छ ।११ वटै वडामा सार्वजनिक सुनुवाइ तथा नागरिक गुनासो सुन्ने काम सकिएको छ । पालिकाको पैसा नलाग्ने (टोल फ्रि) नम्बर र गुनासो सुनुवाइ संयन्त्रको ब्यवस्था गरिएको छ।सबै करार कर्मचारीको समेत कार्यसम्पादन मूल्याङ्कन गरी न्युन अंक प्राप्त गर्ने कर्मचारी उपर सुध्रिने मौका प्रदान गरिएको छ ।सबै आयोजनाहरुमा जनलेखा परिक्षण र अनुगमनलाइ

सानीभेरी गाउँपालिका

अनिवार्य गरिएको छ ।गत आर्थिक बर्षको महालेखा परिक्षकको लेखापरिक्षण प्रतिवेदन अनुसार बेरुजु १ भन्दा तल ०.९० अंकमा झरेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यसम्पादन मुल्याङ्कनमा पालिका ७२ अंक सहित जिल्लामा प्रथम र कर्णाली प्रदेशमा दोस्रो भएको छ ।स्थानीय तह संस्थागत क्षमता स्व मूल्याङ्कनमा(LISA) ९६.७५ र स्थानीय तह वित्तिय सुशासन जोखिम मुल्याङ्कन (FRA) ९६.५० मा अंक सहित उत्कृष्ट स्थान हासिल गरेको छ । यसले गर्दा पालिकाले काम गर्ने तौरतरिका र संस्थागत क्षमता विस्तारै परिपक्व बन्दै गएको छ ।

- गाउँपालिकाले यो बर्ष २ वटा ऐन, १२ वटा कार्यविधि, १ वटा वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको छ ।
- सबै वडाहरु सडक सञ्जालले जोडिनु, कृषि क्षेत्रमा सक्रिय जनसंख्या धेरै हुनु, फलफुल र पशुपालन विकासको प्रचुर सम्भावना हुनु ,भाषा, संस्कृति र परम्परागत मौलिकता,विकासमा सबैको ऐक्यबद्धता र प्रतिबद्धता हुनु र पर्यापर्यटन र सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना रहनु, तहगत सरकार र विकास साझेदार संस्थाहरुको चासो र प्राथमिकता हुनु भुकम्पले क्षतिग्रस्त संरचना पहिले भन्दा अझ बलियो बनाउने **(build back better)** र एकीकृत बस्ती विकास गर्ने पालिकाका लागि ठूलो अवसरका रुपमा रहेको छ ।
- सेवा र विकासमा नागरिकका तीब्र अपेक्षा पूरा गर्नु, विकास प्रक्रियामा सबै नागरिकको सहभागिता सुनिश्चित गर्नु, स्थानीय स्रोत र साधनको समुचित उपयोग र वितरण गर्नु, तहगत सरकारबीच समन्वय र सहकार्य अभिबृद्धि गर्नु, नागरिकको चेतनास्तरमा अभिबृद्धि गर्नु, समयमै विकास निर्माणका कामहरुलाई सम्पन्न गर्नु,सीमित स्रोत एवं साधनबाट आवधिक योजनामा उल्लिखित योजना तथा कार्यक्रमहरुका लागि पर्याप्त स्रोत ब्यबस्थापन गर्नु, प्रविधिमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्नु, लैङ्गिक हिंसा र विभेदजन्य कार्यहरुलाई पूर्णतः निवारण गर्नु, गाउँपालिकाको आन्तरिक स्रोतको दायरालाई फराकिलो बनाउदै लैजानु भुकम्पबाट क्षति ग्रस्त निजी र सार्वजनिक संरचना समयमै पुननिर्माण गर्नु,अधुरा ठेक्का आयोजनाहरु समयमै सम्पन्न गर्नु,भुकम्प प्रभावित क्षेत्रमा विभिन्न गैर सरकारी संघ सस्थालाई समन्यायिक रुपले परिचालन गर्नु,पूँजीगत खर्च बृद्धि गर्दै चालु खर्चमा मितब्यीता अपनाउनु र समावेशी आर्थिक विकास मार्फत रोजगारीका पर्याप्त अवसरहरु सृजना गर्नु हाम्रा सामु चुनौतीका रुपमा रहेका छन्।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

मालिका गाउँपालिका

- रुकुम पश्चिम जिल्लाको पश्चिम भागमा रहेको यस गाउँपालिकालाई विकास, सुशासन र समृद्धिको उच्च स्तरमा पुर्याई निर्वाचित हुदै गर्दा लिएका संकल्पहरु तथा प्रतिबद्धताहरुको कार्यन्वयन गर्नु अहंम जिम्मेवारी र कर्तब्य हाम्रो सामु रहेको छ। राष्ट्रिय स्तरको १६ औं पञ्चबर्षीय योजनाको “सुशासन, सामाजिक न्याय र समृद्धि” को सोच, कर्णाली प्रदेशको दोस्रो आवधिक योजना( २०८१/०८२-२०८५/०८६) को “ समृद्ध कर्णाली :सुखारी कर्णालीबासी”को सोच र गाउँपालिकाको दोस्रो आवधिक योजना (आ.ब. २०८०।८१- २०८४।८५) को “समृद्ध सानीभेरीबासी सुखी सानीभेरीबासी” भन्ने मुल ध्येका साथ आर्थिक समृद्धि,सामाजिक न्याय, गरिवी निवारण, रोजगारी सिर्जना, उद्यमशिलता विकास र पुननिर्माण मार्फत स्थानीय आबश्यकता, निर्वाचनका समयमा गरिएका प्रतिबद्धताका आधारमा गाउँपालिकाको विकास, सुशासन र समुन्नतिको आधारमा रही आगामी आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम निम्न बिषयमा जोड दिएको छ।
    - कृषि र पशुमा रहेको उत्पादनमा आधारित प्रणालीलाइ थप ब्यवस्थित बनाउने ।रोजगारी सिर्जना गर्ने ।
    - पालिकाको समृद्धिको आधारको रुपमा रहेको पुर्वाधार र पुनःनिर्माणलाई उच्च प्राथामिकता दिने ।विकास निर्माणमा देखीएका कमीकमजोरी सुधार गर्ने ।
    - गुणस्तरीय सर्वसुलभ शिक्षा र स्वास्थ्यमा प्रविधि मार्फत मानव विकासको पुँजीको विकास गर्ने ।
    - तहगत सरकारको समन्वयमा पालिकाभित्र भुकम्पबाट क्षति भएका सार्वजनिक तथा निजी संरचनाको पुन निर्माण गर्ने ।
    - सेवा प्रवाहलाइ प्रभावकारी बनाइ पालिकाबासीमा सुशासन प्रत्याभुति गर्ने।
    - जिल्ला स्थित सबै पालिकाको सामुहिक हित हुने र उच्च प्रतिफल दिने ठुला विकास आयोजनाहरुमा संयुक्त लगानी गर्ने ।
    - चालु खर्चमा मितब्यीता अपनाइ पुँजीगत खर्चमा वृद्धि गर्ने।
    - खानेपानी तथा सरसफाइको पहुँचमा सबै सानीभेरीबासीलाइ आवद्ध गर्ने ।

सानीभेरी गाउँपालिका

<u>**कृषि र पशु पालनमा नवीनता: आय र उत्पादनमा सृजनशीलता**</u>

१. **प्रत्येक शुक्रबार हाटबजार जाऔ आफ्नो कृषि उपज बिकाऔ** उत्पादनमा आधारित अनुदान कार्यक्रमलाइ थप ब्यवस्थित बनाउनका लागि हाटबजारमा आउने कृषि उपजको अभिलेख राखी सोही अनुरुप मात्र अनुदान उपलब्ध गराउने नीति लिइनेछ। सिम्लीमा रहेको हाटबजार सम्म कृषि उपज ल्याउन ढुवानी अनुदानको नीति अबलम्बन गरिनेछ ।यस अघि निर्धारण गरिएका पकेट क्षेत्रलाई पुन परिभाषित गरी सोही अनुरुप लगानी केन्द्रित गरिनेछ । डोको बोकेर

हाटबजारमा कृषि उपज बिक्री गर्ने किसानलाई विशेष प्रोत्साहन व्यवस्था गरिनेछ।किसानहरुलाइ गोठ ब्यवस्थापन, घाँस उत्पादन र रोगकिरा ब्यवस्थापन सम्वन्धी तालिम दिइनेछ ।

२. आधुनिक नमुना खेती प्रवर्धनका लागि झापाली मालभोक केरा र कागती खेती बिस्तार गरिनेछ ।भुकम्प प्रभावित घरधुरीलाइ पशुपालनमा सहयोग गरिनेछ।कृषि ब्यवसाय गर्ने युवाहरुलाइ कृषिजन्य औजार उपकरण सहयोग गरिनेछ ।अण्डा उत्पादनका लागि साना किसानहरुलाइ सहयोग गरिनेछ ।

३. खाद्यान्न (धान,गहुँ ,मकै,) र तरकारी (प्याज, मुला, रायो) को गुणस्तरीय बीउ उत्पादनका साथै यसको क्षेत्र विस्तार गर्ने गरिनेछ ।पाँचतारा र नाफा परियोजनाको सहकार्यमा फलफुल क्षेत्र विस्तार गरिनेछ ।पालिकाभित्र सबै वडामा माटोको नमुना परिक्षण गरी किसानहरुलाइ माटोको गुण अनुसारको खेती गर्न प्रोत्साहन गरिनेछ ।

४. व्यवसायिक पशुपालन फर्म शुद्धिकरण तथा गोठ सुधारमा साझेदारीका साथै कृषकलाइ तालिमको व्यवस्था गरिनेछ। लोकल कुखुरा, बाख्रापालन, भैसीपालन र कालिज पालनका लागि नयाँ उद्यमी युवाहरुलाई प्रोत्साहन गरिनेछ। कर्णाली प्रदेशको अर्गानीक उत्पादनको नीति अनुरुप प्राङगारिक खेतीलाइ प्रवर्धन गर्न गड्यौले मल र कम्पोस्ट मल उत्पादनका लागि किसानहरुलाइ आर्थिक र प्राविधिक टेवा दिइनेछ ।

५. किसानहरुको बालीनालीमा देखीएको रोग किरा तथा किराहरुको प्रकोपलाइ छिटो छरितो माध्यमबाट समाधान गर्न बाली उपचार घुम्ती शिविर(Plant Clinic ) सबै वडाहरुमा संचालन गरिनेछ।सानीभेरी नदीको प्रयोगविहिन अवस्थामा रहेको जमिनलाइ उपयोगमा ल्याउन वडा नं १ २ ३ ४ र ७ बगर खेती बिस्तार गर्दै लगिनेछ ।यसका लागि सामूहिक खेती गर्न अभिप्रेरित गरिनेछ ।

६. एक वडा एक पशु प्राविधिकको क्रमश व्यवस्था गर्दै उन्नत जातका भुइ तथा डाले घाँस विस्तार गर्नुका साथै हरियाली सडक बनाउन घाँस खेति गर्न प्रोत्साहन गरिनेछ।दुध बिक्री गरेबाफत किसानलाई प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

७. पशु उपचारलाइ प्रभावकारी बनाउन प्रयाप्त मात्रामा औषधीको व्यवस्था गर्दै लगिनेछ र परम्परागत पशुपालनलाइ व्यावसायिकरण गरी उत्पादनमा बृद्धि गर्दै लगिनेछ।पशुपन्छीको महामारी बाट हुने क्षति न्युनिकरण गर्न पशु स्वास्थ्य शिविर, घरदैलो बन्ध्याकरण शिविर ,बाझोपन सम्बन्धी शिविर, गाउँघरमा पशु स्वास्थ्य क्लिनिक सन्चालन गर्दै लगिनेछ।

८. सानीभेरी गाउँपालिका भित्र जीविकोपार्जन को क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्थाहरु UNDP ,BEE GROUP ,NAFHA र पाँचतारा युवा संरक्षक मञ्चको साझेदारीमा आयआर्जनका कार्यक्रममा जोड दिइनेछ। गाइभैसी प्रवर्धन कार्यक्रम लागु गरिनेछ। कृत्रिम गर्भधान मिसन कार्यक्रमबाट नश्ल सुधारमा जोड ।दिइनेछ ।नमुना कृषकहरुलाइ किसान परिचय पत्र वितरण गरिनेछ ।

सानीभेरी गाउँपालिका

९. स्थानीय उत्पादनको बजारीकरण गर्न स्थानीय उत्पादनको मात्र ब्यवसाय गर्ने युवा उद्यमीहरुलाइ आवश्यक अनुदानको ब्यवस्था गरिनेछ ।सानीभेरी गाउँपालिकाको उच्च पहाडी भेगमा उत्पादन भएको बर्खे तथा हिउँदे आलुलाइ बजारीकरण गर्ने ब्यवस्था मिलाइनेछ ।नाफा परियोजनाको सहयोगमा फलफुल क्षेत्र विस्तार कार्यक्रम अन्तर्गत उच्च पहाडी भेगमा चुच्चे ओखर, कि.वी ,कागजी बदाम, ओखर र सुन्तला जातका फलफुलको सामूहिक खेती प्रवर्धन गरिनेछ ।

१०. पोषण तथा खाद्य सुरक्षा सुनिश्चितताको लागि हरेक वडामा रैथाने बाली प्रर्वद्धन (कोदो, सिमी, भटमास, कागुनो, माटे) एक घर एक करेसाबारी, सामूहिक तरकारी खेती, फलफूल खेती, विद्यालयमा नर्सरी तथा करेसाबारी निर्माण जस्ता कार्यक्रमहरु संचालन गर्न प्रोत्साहन गरिनेछ।अर्गानीक कृषि तथा फलफुलजन्य उत्पादनलाई बढावा दिईनेछ।

११. ५०% अनुदानमा कृषकहरुलाई गहूँ, मकै तरकारी तथा मसला बालीको बिउँ र फलफूलका बेर्ना उपलब्ध गराउने नीतिलाइ निरन्तरता दिइनेछ।

१२. पशुपन्छी पालक कृषकलाई कृषक पाठशाला कार्यक्रम संचालनमा ल्याइनेछ।कृषक भ्रमण,कृषि मेला प्रदर्शनी, कृषक तथा प्राविधिकको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।कृषि तथ्याङकलाई थप ब्यवस्थित बनाईनेछ।

१३. सम्भावित क्षेत्र पहिचान गरि आवश्यकतामा आधारित साना सिचाइ ,मझौला सिचाइ, छोटो दुरिका सिँचाई तथा अधुरा लिफ्टिङ आयोजना कार्यन्वयन गरी सिचाँई सुविधा विस्तार गरिनेछ।फलफुल खेती गर्ने किसानलाइ आधारभुत ज्ञान र सिपका लागि अनिवार्य तालिम दिइनेछ ।२ रोपणी भन्दा कम जग्गा भएका साना सिमान्तकृत किसानहरुलाइ तरकारी र पोषणयुक्त बाली खेती गर्नका कृषक पोषण पाठशाला संचालन गरिनेछ ।

१४. प्राकृतिक विपत्तिबाट हुने कृषिजन्य उपजको क्षति मुल्याङकन गरी राहतको व्यवस्था गरिनेछ।

१५. पोषण मैत्री गाउँपालीका घोषणा गर्नको लागी एक घर एक घरबारी ( रैथाने बाली, पोष्टिक युक्त खानेकुरा उपभोग गर्ने घरधुरी, खाद्य स्वच्छता र गुणस्तर परिक्षणको बजार अनुगमन) कार्यक्रम प्रभावकारी ढङ्गले संचालन गरिनेछ।

१६. गाइभैसी सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रमलाइ निरन्तरता गरिनेछ।एक वडा एक पशु प्राविधिकको क्रमश व्यवस्था गर्दै लगिनेछ।जुनोटिक रोग सम्बन्धी जनचेतना फैलाउन स्कुल प्रसार शिक्षा सन्चालन गरिनेछ।

१७. ब्ययवसायिक रुपमा उत्पादन गर्दै आएका कृषि तथा पशु फर्महरुलाई उत्पादन/संख्याको आधारमा मापदण्ड निर्माण गरि प्रोत्साहन को व्यवस्था मिलाईने छ। डेरि पसल ,मासु पसल, एग्रोभेट ,डेरी उद्योगको नियमित अनुगमन गर्दै उपभोक्ताको अधिकार सुनिश्चित गरिनेछ।

१८. मासु पसललाइ ब्यवस्थित बनाइ स्वस्थकर मासु उत्पादनमा जोड दिइनेछ।पशु बधशाला स्थापनाका लागि सहकार्य गरिनेछ । कुनै एउटा टोललाइ अर्गानिक भिलेज स्थापना गर्नका लागि सहयोग गर्ने नीति लिइनेछ ।माछा मासु हरियो तरकारी दुध र दुग्धजन्य पदार्थ प्याजको

सानीभेरी गाउँपालिका

बीउमा आत्मनिर्भर हुने नीति लिइनेछ ।सानीभेरी गाउँपालिका वडा नं २ रहेको एकमात्र भैसी स्रोत केन्द्रलाइ समूह मार्फत संचालन गरिनेछ ।

१९. मुर्रा भैसी र जर्सी गाइको सिमेन मार्फत कृत्रिम गर्भधान गरी नश्ल सुधारमा जोड दिइनेछ ।यस सम्वन्धी पशुपालक कृषकलाइ जनचेतना फैलाइनेछ ।

## स्थानीय स्रोत, सानो उद्यम ,ठुलो उपलब्धि

२०. **सानीभेरीको उत्पादन सानीभेरीको ब्राण्डिङ** कार्यक्रम अन्तर्गत लघुउद्यम मार्फत सिस्नोको धुलो र टिमुरको धुलो उत्पादनमा केन्द्रित गरिनेछ।

२१. बजार अनुगमन गरी ब्यवसाय दर्ता र नवीकरण कार्यलाइ प्रभावकारी रुपमा कार्यन्वनयन गरिनेछ ।सफल उद्यमी तथा रोजगारी सिर्जना गर्नका लागि विभिन्न उत्प्रेरणा र प्रोत्साहनका कार्यक्रमहरु लागु गरिनेछ ।

२२. व्यावसायिक सीप विकासमार्फत पहिचान भएका उद्यमीहरुलाई प्राविधिक सहयोग तथा उद्यम विकास मोडेलमा लघु उद्यमी सृजना गरी आवश्यकता र पहिचानका आधारमा सीप विकास तथा प्रविधि हस्तान्तरण गरिनेछ। यसबाट उद्यमशीलताको विकास तथा प्रवर्द्धनमा टेवा पुग्नेछ।

२३. लघु उद्यम तथा सीप विकास सम्बन्धी कार्यक्रमहरुमा लक्षित वर्ग, क्षेत्र, समुदायको सहभागितालाई पहिलो प्राथमिकतामा राखिनेछ। नवप्रवर्तनात्मक उद्योग सञ्चालन गर्न चाहने उद्यमीका लागि मागमा आधारित उद्यम प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

२४. उद्यमशीलता विकास र स्वरोजगार प्रवर्द्धनमा युवाहरुलाई प्राथमिकता दिइने नीति अबलम्बन गरिनेछ।

२५. साना तथा घरेलु उद्यम मार्फत रोजगारी सिर्जना स्थानीय अर्थतन्त्रको सबलीकरण र जीविकोपार्जनमा जोड दिइनेछ ।

सानीभेरी गाउँपालिका

## आन्तरिक पर्यटन र स्थानीय संस्कृति :समुन्नत सानीभेरीको आधार

२६. पर्यटन क्षेत्रमा सानीभेरीले पदमार्ग निर्माण, होम स्टे, होटेल ब्यवसाय प्रवर्धन, कृषि तथा बनजन्य पर्यटनलाइ पालिकाको पर्यटन विकासको अभिन्न अंगको रुपमा विकास गर्ने नीति लिइनेछ।**रुकुमको गन्तब्य सानीभेरी सानीभेरीको गन्तब्य मौराखारा** अभियान अन्तर्गत मौराखारा र भेरीदह घुम्न प्रोत्साहन गरिनेछ ।मौराखारा गुरिल्ला म्याराथनलाइ थप ब्यवस्थित बनाइनेछ ।

२७. दीगो पर्यटन विकासका लागि गुरुयोजना बमोजिम पर्यटकीय क्षेत्रहरुको पहिचान, सम्भाव्यता अध्ययन, पर्यटन पूर्वाधार निर्माणका साथै अन्तरसम्बन्धित क्षेत्रहरुको पहिचान तथा विकासमा जोड दिइनेछ।

२८. प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, धार्मिक तथा साहसिक पर्यटनको पहिचान, संरक्षण, विकास र प्रचारप्रसारका साथै होमस्टे सञ्चालन प्रवर्द्धन सम्बन्धी कार्यक्रम ल्याइनेछ।

२९. पर्यटन क्षेत्रमा रोजगारी प्रवर्द्धन, आर्थिक उपार्जन र व्यावसायिकता रुपान्तरण सम्बन्धी कार्यक्रमका लागि छिमेकी पालिका तथा निजी क्षेत्रसंग साझेदारी एवं सहकार्य गरिनेछ।

३०. मौराखारामा पर्यटकीय पूर्वाधारहरु निर्माण र भेरी दह,मालिका पहाड, दहनेटा तथा रिम्ना दोभानलाई आन्तरिक पर्यटकीय गन्तब्यको रुपमा विकास गर्न पहल गरिनेछ।

३१. सानीभेरीको वडा नं.३ मा कमैदे होमस्टे निर्माण तथा तालिम संचालनमा जोड दिइनेछ ।

सानीभेरी गाउँपालिका

## <u>एकमा अनेक अनेकमा एक:सहकारी</u>

३२. सहकारी क्षेत्रमा देखिएका समस्याहरु, जोखिमको अवस्था, बित्तीय सुशासन र पूंजी परिचालन लगायतका पक्षहरुमा गाउँपालिकामा दर्ता भएका सबै सहकारीहरुको अनुगमन र मूल्याङ्कन गरिनेछ।चल्न नसक्ने र खराब कर्जा भएका सहकारीहरुलाई विस्तारै खारेजी र बचत तथा ऋण सहकारीलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ । हाल सम्म गाउँपालिकामा नवीकरण नभएका सहकारीलाइ खारेजीको प्रक्रियामा लगिनेछ ।

३३. सहकारीमा आवद्ध पदाधिकारीहरुलाई तालिम तथा प्रशिक्षण गरिनेछ।सम्पुर्ण सहकारीलाइ उत्पादन र बजारीकरणको ब्यवस्था गर्ने वातावरण मिलाइनेछ।

३४. सहकारी क्षेत्रको खराब कर्जा नियमित तथा असुल गरी स्वस्थ तथा सुशासनयुक्त सहकारी बन्न प्रोत्साहन गरिनेछ।सहकारी संस्थाहरुलाइ शेयर बृद्धि, ब्यवसायीकरण र आत्मनिर्भर हुन अभिप्रेरित गरिनेछ ।

३५. सहकारी संस्थाहरु अनिवार्य रुपमा सहकारी तथा गरिवी सम्बन्धी ब्यवस्थापन सूचना प्रणालीमा आवद्ध हुनुपर्ने ब्यवस्था गरिनेछ ।कृषि समूह र सहकारीको समन्वयमा एकीकृत उत्पादन र बजारीकरण कार्यक्रम कार्यन्वयन गरिने छ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## सानीभेरी गाउँपालिका समृद्धिको आधार :गुणस्तरीय शिक्षा र सिकाइ उपलब्धिमा सुधार

३६. **हामी सुधाछौं हाम्रो विद्यालय** अभियान अन्तर्गत कृषि उपज उत्पादन सहितका हरित विद्यालय बनाउन प्रोत्साहन गरिनेछ ।

३७. शिक्षकको निरन्तर पेसागत विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिनेछ। सबै किसिमका शिक्षकका लागि विषयगत तालिमको व्यवस्था गरिनेछ। शिक्षकको कक्षा अवलोकन, पृष्ठपोषण प्रदान, नमूना कक्षा प्रदर्शन, सहपाठी कक्षा अवलोकनका कार्यक्रमहरुलाई सबै विद्यालयमा विस्तार गर्नुका साथै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३८. सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला (ICT Lab) को स्थापना गरिनेछ। सबै माध्यमिक र आधारभूत(कक्षा ६-८) विद्यालयहरुमा विज्ञान प्रयोगशालाको स्थापना गरिनेछ। सबै विद्यालयहरुमा पुस्तकालय व्यवस्थापन गरिनेछ। सबै प्रारम्भिक बाल विकास केन्द्रहरुलाई शैक्षिक सामग्रीले भरिपूर्ण बनाइनेछ।

३९. विद्यालयको आवश्यकता अनुसारको फर्निचर व्यवस्थापन गरिनेछ। विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, सूचना प्रविधिमैत्री तथा भूकम्प प्रतिरोधी बनाइनेछ। चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४०. विद्यालयहरुमा Online Based Monitoring System को सुरुवात गरिनेछ। स्थानीय पाठ्यपुस्तक निर्माण गरिनेछ। विद्यार्थीको नतिजा तथा सिकाइ उपलव्धीलाई शिक्षकको कार्यसम्पादन सँग आवद्ध गरी सो का आधारमा वृत्ति विकास तथा दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ।

४१. गाउँपालिका भित्र आवासीय माध्यमिक विद्यालय सञ्चालन गर्ने नीति अबलम्बन गरिनेछ । कक्षा ५ को स्तरीकृत परीक्षा सञ्चालनलाई निरन्तरता दिइनेछ। विद्यालयको सिकाइ उपलव्धीको परीक्षण गरिनेछ। विद्यालय र शिक्षकको स्वमूल्याङ्कनको प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

४२. प्रधानाध्यापक सँगको कार्यसम्पादन सम्झौतालाई प्रधानाध्यापक मूल्याङ्कनको मुख्य आधार बनाइनेछ। गाउँपालिका स्तरमा विषयगत शिक्षक समिति निर्माण गरी त्यसको क्षमता अभिवृद्धि गर्ने र सो समितिलाई शिक्षकको पेसागत विकासमा उपयोग गरिनेछ।

४३. विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान गर्ने नीति अबलम्वन गरिनेछ। नमूना विद्यालयको अवलोकन भ्रमणलाई निरन्तरता दिइनेछ।

४४. भूकम्पले भत्केका विद्यालय भवनलाई दुई वर्षभित्र संघ र प्रदेश सरकारसँग मिलेर पुनर्निर्माण गरिनेछ। सबै विद्यालयमा वास सुविधा विस्तार गरिनेछ ।

सानीभेरी गाउँपालिका

४५. सबै विद्यालयमा इन्टरनेट जडान डिजिटल हाजिरी, डिजिटल बोर्ड स्मार्ट बोर्ड र बालबालिकाको बसाई व्यवस्थापन गरिनेछ ।विद्यालयस्तर देखी प्रतिभावान खेलाडी उत्पादन गर्न विद्यार्थीमा लगानी गर्ने नीति लिइनेछ ।

४६. शिक्षकहरुको भर्ना गर्दा योग्यता स्वच्छता र निष्पक्षता मुल मन्त्र बनाईनेछ ।

४७. शिक्षामा गुणस्तर अभिवृद्धि गर्न पालिकाभित्र कार्यक्षेत्र बनाएर काम गरिरहेका गैरसरकारी संस्थाहरु (युनिसेफ ,सोसेक, आवाज ) सँग साझेदारी गर्ने नीति ल्याइनेछ।प्रत्येक शुक्रबारको दिनलाई विद्यार्थीलाई बुक फ्री डे अर्थात् अतिरिक्त क्रियाकलाप र सिर्जनात्मक क्रियाकलाप गर्न प्रेरित गरिनेछ।

४८. सबै विद्यालयलाई दिवा खाजामा जङ्कफुट पूर्णरुपमा बन्देज लगाइनेछ।विद्यालयमा करेसाबारी निर्माणलाइ अभियानको रुपमा लगिनेछ ।सम्पूर्ण माध्यमिक विद्यालयमा अभिभावक, विद्यार्थी र शिक्षकको सुमधुर सम्बन्ध बनाई शिक्षा गुणस्तर कायम गर्न शिक्षक अभिभावक विद्यार्थी **म्युजिकल पिटी र उत्प्रेरक शिविर** सञ्चालन गरिनेछ।शिक्षकहरुलाइ कार्यसम्पादन आधारित दण्ड र पुरुस्कारको नीति अवलम्वन गरिनेछ । **अतिथि शिक्षक शिक्षण(Guest Class)** गर्नका लागि विज्ञ समूह र व्यक्तिलाई आमन्त्रण गरिनेछ ।

४९. आधारभूत तह कक्षा ६-८ र माध्यमिक तह ९- १० मा अग्रेजी, गणित र विज्ञान विषयको पठनपाठनका लागि शिक्षण सिकाइ अनुदान उपलब्ध गराइनेछ। विद्यालयको शैक्षिक गुणस्तर उकास्नमा अभिभावकको सहयोग परिचालन गरिनेछ ।

५०. नेपाल सरकार र प्रदेश सरकारसँगको सहकार्यमा Big School को अवधारणालाई विस्तारै कार्यान्वयनमा ल्याइनेछ।पालिकाभित्रकै अन्तरविद्यालय भ्रमणको लागि विद्यालयलाइ प्रोत्साहन गरिनेछ ।शिक्षकबैंकको अवधारणा अगाडि बढाइनेछ ।

सानीभेरी गाउँपालिका

## पोषित समाजको आधार: स्वास्थ्यमा सुधार

५१. आगामी २ बर्ष भित्र पालिकाभरिका निर्माणाधिन खोप केन्द्र र गाउँपालिकाभित्र सबै आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण गरी सेवा सञ्चालन गरिनेछ।२०८२ को दशै अगावै गाउँपालिका १५ शैयाको आधारभूत अस्पतालको भवन पूर्ण रुपमा सुचारु गरी नयाँ भवनबाट सेवा सुचारु गरिनेछ। अस्पत्तालमा कम्तीमा ३ जना मेडिकल अधिकृतको दरबन्दीको लागि आवश्यक पहल गरिनेछ।सानीभेरी गाउँपालिका अस्पत्ताबाट आइपिडी सेवा, फिजियोथेरापी सेवा र सुरक्षित गर्भपतन सेवाको सुरुवात गरिनेछ ।

५२. आधारभूत अस्पत्ताल व्यवस्थापनको लागि संघ सरकार तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ। जेष्ठ नागरिकलाई घरमै गएर स्वास्थ्य उपचार गरिनेछ।नागरिक उपचार सहायतालाई

व्यवस्थित गरिनेछ।सहिद परिवार घाइते र अति विपन्न परिवार स्वास्थ्य बीमा कार्यक्रम निरन्तरता दिइनेछ।साथै ससस्त्र द्वन्द्वका घाइतेहरुलाइ उपचारको ब्यवस्था र परिचयपत्र उपलब्ध गरिनेछ ।

५३. लामो समयसम्म महिला स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयमसेविका भइ अनिवार्य अवकाश भएका स्वयमसेविकालाइ सम्मान सहित नगद रकम उपलब्ध गराइनेछ। महिला स्वास्थ्य स्वयंसेविका र आमा समूह मार्फत गाउँ टोलसम्म स्वास्थ्य सेवा र परामर्श सम्बन्धी कार्यक्रमलाई विस्तार गरी अभिलेखीकरण र प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५४. मानसिक र शारीरिक स्वास्थ्यका लागि सबै वडा र पालिकामा योग शिविर सञ्चालन गरिनेछ।खान पान ब्यायम र आरामका बारेमा जनचेतनाका कार्यक्रमहरु संचालन गरिनेछ।नागरिक आरोग्य केन्द्र संचालन गरिनेछ ।

५५. आँखा उपचार केन्द्रमा नेत्र ज्योति संघसँग साझेदारी गरी कान उपचार सेवा विस्तार गरिनेछ।सबै स्वास्थ्य संस्थाबाट निःशुल्क रुपमा हुने सबै सेवाहरूलाई थप व्यवस्थित र मर्यादित गरिनेछ।

५६. समुदाय स्तरमा नसर्ने रोग सम्वन्धी स्क्रीनिङ फागुन महिना भित्रै सम्पन्न गरिनेछ ।खोप कार्यमा संलग्न स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको ब्यवस्था गरिनेछ ।स्वास्थ्य संस्थाहरुलाई न्यूनतम् सेवा मापदण्डको प्रगतिको आधारमा मूल्याङ्कन गरी सुदृढीकरण गरिनेछ। स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुने सबै सुत्केरी महिलाहरुलाई प्रोत्साहन रकम उपलब्ध गराइनेछ।घरमा सुत्केरी हुने /गराउने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

५७. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको सहज पहुँच सुनिश्चितताको लागि गुणस्तरीय स्वास्थ्य सम्बन्धी उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यक्रमलाई कार्यन्वयन गर्न संघ, प्रदेश र अन्य सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसंग समन्वय, सहकार्य र साझेदारी गरिनेछ।

५८. गर्भवती र सुत्केरी आमाको मृत्युदरलाई शुन्यमा झार्न विगतमा अपनाइको नीति तथा कार्यक्रमलाई निरन्तरता दिदै प्रसुति चेकजाँच र रेफरका लागि निशुल्क एम्बुलेन्स सेवा र पोषण तथा सरसफाइ कार्यक्रम सञ्चालन गरिनेछ।

५९. स्वस्थ समाजको विकास गर्न मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्महत्या रोकथाम सम्वन्धी जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ।टिपिओ नेपाल र सिएमसी नेपाल संग यस क्षेत्रमा साझेदारी गरिनेछ ।साथीसंगी परामर्श कार्यक्रम संचालन गरिनेछ ।

६०. नागरिक उपचार सहायता कार्यक्रमलाइ निरन्तरता दिइनेछ।सुरक्षित मातृत्व र नवजात शिशु स्याहार कार्यक्रमलाइ थप प्रभावकारी बनाइ लागु गरिनेछ।रेविज रोग विरुद्धको खोप पचास प्रतिशत छुटमा सानीभेरी गाउँपालिका अस्पत्तालबाट उपलब्ध गराइनेछ। गाउँपालिका अस्पत्तालमा कार्यरत कर्मचारी तथा स्वास्थयकर्मीहरुलाइ अतिरिक्त समय काम गरेवाफत विशेष प्रोत्साहन उपलब्ध गराइनेछ।

सानीभेरी गाउँपालिका

६१. मेरो स्वास्थ्य मेरो समुदाय स्वास्थ्य कार्यक्रम अन्तर्गत घरटोलमा गई स्वास्थ्य प्रवर्धन कार्यक्रम सूचारु गरिनेछ । पोषणमैत्री स्थानीय शासन प्रवर्धन गर्न खाद्य तथा पोषणका कार्यक्रमहरुलाइ सघन रुपमा लागु गरिनेछ ।

## <u>स्वस्थ जीवनको सुरुवातः सुरक्षित पानी र सफा वातावरण</u>

६२. सानीभेरी गाउँपालिका भित्रका विगत तिन बर्ष देखीका रुग्ण खानेपानी योजनालाई आगमी आर्थिक वर्षमा समपन्न गरिनेछ ।एक घर एक धाराको अवधारणा अनुरुप शुद्ध खानेपानी उपलब्ध गराउन संघ प्रदेश पालिकाको सुस्वा परियोजना युनिसेफ लगायत विभिन्न सँस्थाहरु सँग मिलेर आगामी आर्थिक बर्षमा अधिकांश खानेपानी आयोजनाहरु सम्मपन्न गरिनेछ।पालिकामा रहेको वास इकाइलाइ परियोजना अवधि समाप्ती पश्चात खानेपानी तथा सरसफाइ शाखाको रुपमा संस्थागत गरिनेछ ।

६३. सुरक्षित खानेपानी संरचना निर्माण सुधार तथा स्तोरोन्नति र सेवा सहायता केन्द्र मार्फत मर्मत सम्भार विस्तारित खानेपानी सुरक्षा योजना +++ संचालन तथा कार्यन्वयन गरिने छ ।वास सुशासन प्रवर्धनका कार्यक्रम संचालन गरिनेछ ।आगामी आर्थिक बर्षमा ७८ प्रतिशत जनतामा आधारभुत स्तरको खानेपानीमा पहुँच विस्तार गरिनेछ ।

६४. मिटर सहितका एक घर एक धारा निर्माणलाइ अभियानको रुपमा अगाडी बढाइनेछ।पालिकामा रहेका सबै खानेपानी मुहानको गुणस्तर परिक्षण गरिनेछ ।सुरक्षित खानेपानी समुदाय घोषणाको प्रक्रिया अगाडी बढाइनेछ ।सबै विद्यालयमा WASH व्यवस्थापन र WASH अनुशासनलाइ प्रभावकारी बनाइनेछ ।पालिकामा WSAH सम्बन्धि भएका गतिविधिलाइ राष्ट्रिय स्तरको संजालमा आवद्ध गरिनेछ ।पानीको स्रोत संरक्षणलाइ विशेष प्राथमिकता दिइनेछ ।

६५. पुर्ण सरसफाइमा आधारित ब्यक्तिगत,घरायसी तथा संस्थागत सरसफाइ तथा स्वच्छता, मर्यादित महिनावारी सरसफाइ प्रवर्धन र विद्यालयमा तीनतारा मापदण्ड सम्वन्धी क्रियाकलापहरु संचालन गरिनेछ।घरघरमा डोको डस्टबिन राख्न अभियान संचालन गरिनेछ ।धारा नजिकै चाङ र जुठेल्नो निर्माण गर्न अभिप्रेरित गरिनेछ ।

६६. पूर्ण सरसफाईयुक्त गाउँपालिका निर्माणका लागि सबै बस्ती र टोलहरुमा हप्ताको एक दिन स्वयंसेवी रुपमा सरसफाई अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ।

६७. टोल विकास संस्थामार्फत कुहिने र नकुहिने फोहर बर्गीकरण गरी टोलस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालनका साथै फोहरको पुनः प्रयोग तथा आफूले गरेको फोहरको ब्यबस्थापन आफै गर्नुपर्ने अन्यथा व्यवस्थापनका लागि थप शुल्क व्यहोर्नुपर्ने नीति अबलम्बन गरिनेछ।स्थायी डम्पिङ साइट निर्माणका लागि उपयुक्त स्थानको खोजी गरी निर्माण कार्य अघि बढाइनेछ ।

सानीभेरी गाउँपालिका

६८.  स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा गाउँघरमा ढल निकास व्यवस्थापनमा विशेष ध्यान दिइनेछ।

६९. खानेपानी आयोजना दिगो बनाउन समुदायको लागत सहभागितालाइ अनिवार्य गरिनेछ। खानेपानीका मुहान संरक्षण गर्न वृक्षारोपणमा जोड दिइनेछ। खानेपानीका लागि ग्राभिटी फ्लो लाइ पहिलो प्राथामिता दिइने छ ।कुनै विकल्प नभएका क्षेत्रमा मात्र लिफ्टिङ प्रोजेक्ट आयोजनाहरु कार्यन्वयन गरिनेछ ।

७०. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

७१. बजार ब्यवस्थापन समिती र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

## समावेशी स्थानीय सरकारः समता र समानता सबैको साझा अधिकार

७२. किशोर किशोरीहरुलाइ रुपान्तरण र अन्तरपुस्ता संवाद कार्यक्रम संचालन गरिनेछ ।मनोसामाजिक समस्यामा परेका ब्यक्तिका अभिभावकलाइ अभिभावक शिक्षा संचालन गरिनेछ ।

७३. बालमैत्री स्थानीय शासन कार्यन्वयन कार्यविधि तर्जुमा गरी कार्यन्वयनमा ल्याइनेछ। समाजमा रहेका बालश्रम, बालविवाह, बहुविवाह, दाइजो प्रथा जस्ता सामाजिक कुसंस्कारका विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान सञ्चालन गरिनेछ। सामाजिक रुपमा बहिष्करण, बञ्चितीकरण र पछाडि परेका व्यक्तिहरुलाई मापदण्ड बमोजिम सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रममा ल्याइनेछ।

७४. सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न विभिन्न कार्यक्रमहरुलाई अन्तरसम्बन्धित बनाइ सञ्चालनमा ल्याइनेछ। लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। दलित महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि आयआर्जन तथा जीविकोपार्जनका कार्यक्रमहरु संचालन गरिनेछ।

७५. भौतिक पुर्वाधार तथा अन्य विकासका कार्यक्रमहरुमा सामाजिक उत्तरदायित्व पुरा गर्न टोल विकास संस्थाहरु गठन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ ।सुनौलो हजार दिनका महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।गाउँपालिकाका सबै वडालाइ क्रमश बालमैत्री वडा घोषणा गर्ने नीति अबलम्बन गरिनेछ। लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी समतामूलक पहुँच र सहभागितामा जोड दिइनेछ।

७६.बालविवाह अन्त्य गर्न अभियानकै रुपमा कार्यक्रम संचालन गरिने छ।गर्भवती महिला सुत्केरी अपाङ्गता भएका ब्यक्ति जेष्ठ नागरिक एकल महिला र आर्थिक अबस्था हेरी आर्थिक सहायता प्रदान गरिने छ ।घरेलु हिंसा आर्थिक विपन्नता सामाजिक विभेदिकरणमा परि मानसिक समस्या मा परि अलपत्र परेका व्यक्तिहरुलाई सिएमसी नेपाल, टिपिओ नेपाल, सोसेक,आवज र बुद्धभुमि मानव सेवा आश्रम संग सहकार्य गरेर उपचार तथा व्यवस्थापन गर्ने नीति लिईनेछ ।

७७. लैङ्गिक समानता, समावेशीता र सामाजिक उत्तरदायित्व (GEDSI) सम्वन्धी क्रियाकलापहरु संचालन गरिनेछ ।महिला संग उपाध्यक्ष कार्यक्रमलाई थप प्रभावकारी रुपमा लागु गरिने छ।विहे नगरि ४० वर्ष पुरा भएका एकल महिलालाई यस अघिको सामाजिक सुरक्षा भत्ता कार्यक्रमलाई निरन्तरता दिईने छ।

७८. विभिन्न कारणले जोखिममा रहेका बालबालिकाको विद्यालय शिक्षामा निरन्तरता दिन शैक्षिक सहायता कार्यक्रमको व्यवस्था गरिनेछ।

७९. दलितहरुको हकहित संरक्षण गर्न दलित विकास मन्च,दलित निगरानी संस्था जस्ता समन्वयकारी निकाय स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

८०. महिला तथा किशोरकिशोरीहरुका लागि आधारभुत स्तरको सरसफाई तथा मर्यादित महिनावारी सम्बन्धी विभिन्न कार्यक्रमहरु अभियानकै रुपमा संचालन गरिनेछ साथै किशोरीहरुका लागि आवाज संस्था संग समन्वय गरि रुपान्तरण कक्षालाई निरन्तरता दिईनेछ ।

८१. अपाङ्गमैत्री भौतिक संरचनामा जोड दिइनेछ।अपाङ्गता सम्वन्धि विचार ब्यवहार र संरचनामा आवश्यक लगानी गरिनेछ।

सानीभेरी गाउँपालिका

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

## स्थानीय कला संस्कृतिको सम्मानः हाम्रो मौलिक विकासको प्रमाण

८२. स्थानीय कला, साहित्य,संगीत, परम्परागत संस्कृतिको संरक्षण तथा सम्बर्द्धनका लागि बिशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८३. सानीभेरी गाउँपालिका प्रज्ञा प्रतिष्ठान विधेयक पारित गरि कला,साहित्य,संगित को संरक्षण तथा प्रबर्द्धन गरिने छ ।स्थानीय स्तरमा पुस्तकालय स्थापना गरि मौलिक लोक संगीत ,चित्रकला दस्तावेज सुरक्षित गरिने छ ।स्थानीय साहित्यकार तथा कविहरुलाई सम्मान गरिनेछ ।

८४. लोप हुन लागेका स्थानीय संस्कृतिको संरक्षण तथा जगेर्नाका लागि समाजमा रहेका ज्येष्ठ नागरिकहरुबाट पुस्तान्तरण गर्न युवाहरुलाई परिचालन गरिनेछ।स्थानीय ठाडीभाकाको भिडियो डकुमेन्ट्री निर्माण गरिनेछ ।

८५. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी प्रस्तुत गरिनेछ। सास्कृतिक सम्मेलन आयोजना गरी सानीभेरीबाट कला साहित्य र संगीत क्षेत्रमा विशेष योगदान पुर्याउने श्रष्टालाइ सम्मान गर्ने नीति अबलम्वन गरिनेछ।पुराना मठ मन्दिर तथा ऐतिहासिक स्थानलाई संरक्षण गरिने छ। विद्यालयमा संस्कार र संस्कृतिक सम्वन्धी शिक्षा तथा चेतनाको अभिवृद्धी गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ।

## समाजवाद उन्मुख समृद्धिको आधारः मर्यादित दिगो र उत्पादनशील रोजगार

८६. युवाहरुसंग स्थानीय तह कार्यक्रम, युवाहरुको आवश्यकतामा आधारित बहस पैरवी कार्यक्रम र सीप तथा व्यावसायिक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

८७. युवामैत्री स्थानीय शासन प्रवर्द्धनका लागि युवा तथा खेलकुद विकास सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८८. युवाहरुको खेलकुद प्रतियोगिता सञ्चालन गरी जिल्ला स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरु विकास गरिनेछ।क्रिकेट र फुटबल विधाका खेलमा खेलाडी उत्पादन गर्न गाउँपालिका खेलकुद विकास समितिलाई अभिप्रेरित गरिनेछ ।

८९. माध्यमिक स्तरका बालबालिकाहरुको सहभागितामा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ।

९०. जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सानीभेरी गाउँपालिका विजयी हुने गरी तयारी गर्न विभिन्न खेलकुद कार्यक्रमहरु विद्यालय स्तरमा संचालन गरिनेछ।

९१. **श्रमको सम्मान सानीभेरीको अभियान** कार्यक्रम अन्तर्गत सानीभेरी भित्रका युवाहरुलाई विभिन्न सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।बैदेशिक रोजगारबाट फर्केका ब्यवसाय गर्न चाहने युवाहरुलाइ बैंकिक कर्जाका लागि पालिकाले आवश्यक समन्वय गर्ने नीति अबलम्बन गरिनेछ ।

९२. बैदेशिक रोजगारीलाई ब्यवस्थित बनाउन पालिकाको रोजगार सेवा केन्द्र मार्फत आवश्यक समन्वय र सहजीकरण गरिनेछ । बैदेशिक रोजगारमा गइ फर्केर आएका सीपयुक्त जनशक्तिलाइ

सानीभेरी गाउँपालिका

सिटीईभिटी बाट सीप परिक्षण गरी ज्ञान सिप र क्षमता अनुरुप ब्यवसाय संचालन गर्ने युवालाइ अनुदान उपलब्ध गराइनेछ ।

९३. मुख्यमन्त्री र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई दिगो,प्रतिफल दिने र काम देखीने क्षेत्रमा केन्द्रित गरिने छ । छ।प्रधानमन्त्री रोजगार कार्यक्रमलाइ पालिकाले शत प्रतिशत म्याचिङ गरी कार्यन्वयनमा लगिनेछ ।

९४. पालिकामा कार्यरत करार कर्मचारी तथा अन्य संगठित र असंगठित क्षेत्रका कामदारहरुलाई नेपाल सरकारको नीति अनुरुप सामाजिक सुरक्षा कोषमा आवद्ध गरिने छ ।

## आज बनाऔ भूकम्प प्रतिरोधी घरः भोलिका लागि सुरक्षित गाउँघर

९५. बर्ष २०८२ पुननिर्माणको बर्ष रहनेछ ।जाजरकोट भुकम्पले क्षति भएका घरहरुको लागि निजी आवास पून:निर्माण आगामी २ वर्षमा संघीय सरकार संग पहल गरि समपन्न गरिनेछ।पुनिर्माणमा सानीभेरीको मौलिक कलाकशौल र ऐतिहासिकता झल्कने गरिनेछ।भूकम्प प्रतिरोधी घर भनेकै छडी र कडक्रिटले बनेका हुन भन्ने भाष्य हटाउन बिज्ञ द्धारा प्रशिक्षित गरिनेछ।स्थानीय साधन स्रोतको प्रयोग गरी भुकम्प प्रतिरोधी घर पुननिर्माण गर्न अभियान संचालन गरिनेछ।पुन निर्माण गर्दा सबै टोल वा गाउँका घरहरुको **एउटै छाना र एउटै रङ**को बनाउन प्रोत्साहन गरिनेछ ।

९६. रिम्ना पेदी, सिम्ली काफलबोट, मध्यपहाडी गाउँपालिका,पेदी ज्यामिरे र पेदी सल्लीचौर घापाघार सडकको स्तोरोन्नति गरिनेछ।

९७. विद्युत विस्तार वडा नं ६, ११, १०, ४ र ५ का वडालाई प्राथमिकता दिइनेछ र अन्य वडा टोलमा पुरा गर्न नेपाल विद्युत प्राधिकरण रुकुम पश्चिम वितरण केन्दसंग समन्वय गरिने छ ।सानीभेरी गाउँपालिकाका बाँकी रहेको सबै वडा कार्यालय भवनहरुलाइ आगमी आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।आगामी आव देखी ११ वटै वडाका आफ्नै प्रशासनिक भवनबाट सेवा प्रदान गरिनेछ ।

९८. पर्यटकिय पुर्वाधार निर्माण गर्नको लागि कमैदे देखी मौराखारा सम्मको पदमार्ग तथा रोलखोला देखी भेरीदह सम्मको पदमार्ग निर्माण गरिने ।अधुरा झोलुङ्गे पुल आगामी आर्थिक बर्षमा सम्पन्न गरिनेछ ।

९९. भुकम्प पछिको हुने पुनः निर्माणमा गाउँपालिका भित्रका सिकर्मी डकर्मी लाइ सरकारी तथा गैर सरकारी संस्था मार्फत दक्ष कामदारका रुपमा विकास गर्न तालिमको ब्यवस्था गरिनेछ।गाउँपालिका स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ।

सानीभेरी गाउँपालिका

१००. उपभोक्ता समितिलाई आफ्ना सन्निकटताका आयोजनाहरु आफै मर्मत सम्भार गर्न प्रोत्साहन गरिनेछ ।सानीभेरी -३ स्थित निर्माणाधिन बसपार्कलाई समयमै सम्पन्न गरी आगामी आ.व.बाट संचालनमा ल्याइनेछ।बढ्दै गएको अपराधिक क्रियाकलाप नियन्त्रण गर्न मुख्य बजार क्षेत्रमा सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गर्ने नीति लिइनेछ ।भुकम्प पश्चात पुनर्निर्माण हुने निजी आवासमा घर पुर्ण क्षति भएका नागरिक,अपाङ्गता भएका नागरिक विपन्न नागरिक, एकल महिला, शहिद परिवार ,दलित समुदायलाई पहिलो प्राथमिकता दिईनेछ ।

१०१. पुर्वाधार विकासलाइ दीगो रोजगारी संग आवद्ध गरिने छ ।ट्र्याक ओपन भएका कच्ची सडकमा सानीभेरी नदीको ढुङ्गा गिट्टी र बालुवा प्रयोग गरी ग्राभेलिङको नीति अबलम्बन गरिने छ ।सडक छेउमा रुख रोप्ने (BIO ENGINEERING ) तथा हरियाली प्रवर्धन गर्ने नीति अबलम्वन गरिनेछ ।

१०२. नक्सा पास प्रक्रिया थप ब्यवस्थित र सहज बनाउन अनलाइन प्रणालीको विकास गरिनेछ ।निर्माणाधिन घरहरुको नियमित अनुगमन गरी मापदण्ड विपरिथ निर्माण गर्ने कार्य रोकी नक्सापास र अभिलेखीकरण प्रक्रियालाइ ब्यवस्थित बनाइनेछ ।

१०३. बढ्दै गएको असन्तुलित र पत्रु खानाले स्वास्थ्यमा देखिने असर न्युनिकरण गर्न सर्वसाधारणको पहुँच हुने गरी खुल्ला ब्यायमशाला (FITNESS PARK) निर्माणको अवधारणा अगाडी बढाइनेछ ।

१०४. स्रोत सुनिश्चत हुन सक्ने आयोजनाको मात्र विस्तृत परियोजना प्रतिवेदन तयार पारिनेछ ।बार्षिक रुपमा सडक सरसफाइको नाममा भइरहेको रकमको प्रभावकारिता बढाउन र उपभोक्ता समितिको नाममा डोजर प्रयोग गरी बजेट खर्च गर्ने कार्यलाइ निरुत्साहित गरिने छ ।यसका लागि प्रत्येक वडामा २ जनाका दरले ३ महिनाका लागी मौसमी रोजगारी सिर्जना हुने गरी आवश्यक जनशक्ति द्धारा बर्षायाममा समेत सडक सुचारु गर्ने नीति लिइनेछ ।

१०५. आगामी आर्थिक बर्षदेखी पालिकाभित्र निर्माण हुने पुर्वाधारलाइ दिगो बनाउन लागि गुणस्तर परिक्षण सेवाको सुरुवात गरिनेछ ।विभिन्न गैरसरकारी संस्था संग पुर्वाधार निर्माणको क्षेत्रमा सहलगानीको सिद्धान्त अबलम्वन् गरिने छ ।

१०६. गाउँपालिकाको दोस्रो आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न अन्तरसरकारी तहमा पहल गरी साझेदारी विकास मार्फत भौतिक पूर्वाधारहरु निर्माण गरिनेछ।

१०७. गाउँपालिकाको आर्थिक विकासमा योगदान पुर्याउने,पालिकाबासीहरुको जीवनस्तर उकास्ने र दीर्घकालीन रुपमा आय वृद्वि गर्ने खालका आयोजनाहरु स्रोत साधन र क्षमताको आधारमा क्रमशः कार्यन्वयनमा प्राथमिकता दिइनेछ।

१०८. गाउँपालिकाको भवन र सडक गुरुयोजना अनुरुप सार्वजनिक भवनहरु निर्माणका साथै सडक यातायात नपुगेका बस्तीहरुमा वातावरणीय प्रभाव परीक्षण तथा मूल्याङ्कनका आधारमा नयाँ सडकहरु निर्माण तथा स्तरोन्नति कार्य गरिनेछ।

१०९. बाक्ला बस्तीहरु भएको स्थानहरुमा सडक, सार्वजनिक शौचालय, फोहर ब्यबस्थापन, खानेपानी, विद्युत जस्ता पूर्वाधारहरु एकीकृत रुपमा निर्माण गर्ने कार्यलाई जोड दिइनेछ।

सानीभेरी गाउँपालिका

११०. तहगत समन्वय, सहकार्य र साझेदारी मार्फता सूचना तथा सञ्चारको सहज पहुँच स्थापना गरिनेछ। भरपर्दो सञ्चार सुविधा सुनिश्चिताका लागि आवश्यक पहल गरिनेछ।

१११. पूर्वाधार निर्माण गर्दा वातावरणीय रुपमा कम असर पुर्याउने र दीगो एवं टिकाउयोग्य पूर्वाधारहरु निर्माणमा विशेष ध्यान दिइनेछ।

११२. दोस्रो आवधिक पञ्चबर्षीय योजनाको आयोजना बैंकमा रहेका पूर्वाधार योजनाहरु कार्यन्वयनमा पहिलो प्राथमिकता(P1)मा राखिनेछ।

११३. विगत देखिका भौतिक पुर्वाधारका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ।

११४. बढ्दै गएको अपराधिक क्रियाकलाप नियन्त्रण गर्न मुख्य बजार क्षेत्रमा सडक बत्ती र सिसिटिभि क्यामेरा जडान गरिनेछ।अपाङ्गमैत्री संरचना निर्माण कार्यलाइ अभियानका रुपमा अगाडि बढाइनेछ ।

११५. आगामी २ बर्षभित्र सबै बस्ती र टोललाई सडकको पहुँचमा पुर्याईने छ ।भुकम्पपश्चात क्षतिग्रस्त भएको सानीभेरी गाउँपालिका वडा नं १ चाइनाबगरको बस्तीलाइ एकीकृत नमुना बस्तीको रुपमा बिकास गरिनेछ ।अधुरा र अपुरा आयोजनाहरुलाइ प्राथामिकतामा राखी बजेट बिनियोजन गरिनेछ ।सबै आयोजनामा स्रोत छर्ने प्रवृतिलाइ निरुत्साहित गरिनेछ ।

११६. **समृद्ध वडा सक्षम पालिकाको अवधारणा अनुरुप एक वडा एक गौरवको आयोजना**लाइ प्राथामिकतामा राखी कार्यन्वयन गर्ने नीति लिइनेछ ।११ वटै वडाका केन्द्रसम्म क्रमशः नाली सहित सडक ग्राभेलिङ गरिनेछ ।

## हरेक सानीभेरीबासीको दायित्व :वातावरण संरक्षण र विपत पुर्वतयारीमा अभिभावकत्व

११७. आपतकालीन कार्यसंचालन केन्द्रलाइ युनडिपीको साझेदारीमा सुदृढ गरिनेछ।सानीभेरी गाउँपालिकामा आउन सक्ने विपदजन्य जोखिमको लागि बाफिकोट गाउँपालिकामा स्थापना भएको पुर्व सूचना प्रणाली उपयोग गरी नागरिकको जीउ धनको सुरक्षा गरिनेछ।

११८. जलवायु स्मार्ट प्रविधिहरुको प्रयोग गरी बेमौसमी तरकारी खेतीमा सहयोग गरिनेछ ।यसका लागि पाँचतारा युवा संरक्षक मन्च सहकार्य गरिनेछ ।

११९. नेपाल सरकार, प्रदेश सरकार र सम्बन्धित निकायसंगको समन्वय र सहकार्यमा निजी वन ब्यबस्थापन, राष्ट्रिय वन संरक्षण, सामुदायिक बन संरक्षण,बनजंगल संरक्षण र बाझो जग्गा तथा नदी उकासको जमिनमा बृक्षारोपण कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।सिसाजन्य फोहोरलाइ जथाभावी फाल्ने र डम्पिङ गर्ने प्रबृतिलाइ निरुत्साहित गरिनेछ।आफ्नो फोहोर आफै ब्यवस्थापन नगर्नेलाइ दण्ड जरिवानाको नीति अबलम्बन गरिनेछ ।

सानीभेरी गाउँपालिका

१२०. विकास आयोजनाहरु सडक,भवन, खानेपानी, सिंचाइ,पुलपुलेसा निर्माण गर्दा मासिन गएका रुखहरुको स्थानमा बोटबिरुवा वृक्षारोपण गरी हरितमैत्री वातावरण कायम गर्न जोड दिइनेछ। टोलटोलमा पीपल चौतारी बनाउन अभियान संचालन गरिनेछ ।

१२१. बनजङ्गलमा क्षति पुर्याउने खालका गतिबिधिहरु जस्तोः- आगलागी, जथाभावी रुख फडानी र काष्ठपैदावरहरुको चोरी निकासी गर्नेलाई कानुन बमोजिम क्षतिपूरण गराउने ब्यबस्था कडाईका साथ लागु गरिनेछ।

१२२. **एक फलफुलकको बोट रु. २० को नोट** कार्यलाई अभियानमा रुपमा वडा र टोलस्तरमा सञ्चालन गरिनेछ।

१२३. नर्सरी निर्माण, डाले घाँस विस्तार, एक घर एक फलफूल विस्तार, झाडी बुट्यान र वन नभएका क्षेत्रमा उपयोगी बिरुवा रोपण र औषधीजन्य बहुउपयोगी वृक्षारोपण गर्ने कार्यलाई प्रवर्द्धन गरिनेछ।

१२४. जलवायुमैत्री तथा वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिई जैविक विविधताको संरक्षण, संवर्द्धन तथा जलवायू अनुकुलन मार्फत पर्यापर्यटनमा जोड दिइनेछ।

१२५. प्राकृतिक प्रकोषका कारण उद्दार, राहत तथा जोखिम न्युनीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्न प्रकोष ब्यबस्थापन कोषलाई उपयोगमा ल्याइनेछ। खोज, उद्दार, राहत, पुनस्थापना कार्यलाई योजनाबद्व रुपमा व्यवस्थित गर्न पालिका तथा समुदायस्तरमा द्रुत प्रतिकार्य टोलीलाई आवश्यक सामग्री सहित तयारी अबस्थामा राखिनुका साथै आपतकालीन कार्य सञ्चालन केन्द्रलाई थप शसक्त र ब्यवस्थित बनाइनेछ ।

१२६. विकासका हरेक कार्यलाई विपद् जोखिम आंकलन गरेर प्रकोप न्युनकीकरका माध्यमबाट कार्यन्वयन गर्नुपर्ने नीति कार्यन्वयनमा ल्याइनेछ। एक वडा एक उद्धार स्वंयसेबक टोली गठन तथा परिचालन गरिने छ ।

१२७. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

१२८. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।

१२९. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना (LDCRP) र स्थानीय विपद तथा जलवायु उत्थानशील कार्यढाँचा (LDCRF) कार्यन्वयन गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ।

१३०. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई कडाईका साथ कार्यन्वयन गरिनेछ।

१३१. स्थानीय प्रकोप ब्यवस्थापन कोषलाई बलियो बनाउन ब्यक्ति, समूह, फर्म ,सरकार तथा विभिन्न सरकारी तथा गैरसरकारी संघ सस्थालाई आह्वान गरिनेछ ।विपत ब्यवस्थापनको क्षेत्रमा विभिन्न संघ सस्थाको सहयोगलाइ परिचालन गरिनेछ ।

१३२. लोपउन्मुख जडीबुटी ,चुत्रो, मचाइनो, ऐसेलु , निउरो, सतुवा ,पाँचऔले ,चिराइतो, पाखनवेत, पदमचाल्नु लगायतका जडीवुडी संरक्षण र सम्वर्द्धन गर्दै लगिनेछ।वन तथा बनजन्य उद्योग (जुस उद्योग, अमला खेती, रिठा खेती) संचालनलाइ प्रोत्साहन गरिनेछ । बाझो जमिनको उपयोग गरी खेती गर्ने किसानलाइ अभिप्रेरित गरिनेछ ।

१३३. जलउत्पन्न प्रकोप नियन्त्रण तथा तटबन्धन कार्यक्रमलाइ संघ तथा प्रदेश सरकारको सहयोगमा निरन्तरता दिइनेछ।ताल तलैया संरक्षण तथा रिचार्ज पोखरी संरक्षणलाइ विशेष जोड दिइनेछ।

१३४. सामुदायिक वनको कुल आम्दानीको १० प्रतिशत रकम गाउँपालिकाको आन्तरिक आयको रुपमा ल्याइनेछ।प्राकृतिक स्रोत साधनको संरक्षण गर्नेले उपभोग गर्नेबाट निश्चित रकम पाउने(Payment of Environmental System) ब्यवस्था गर्ने नीति लिइनेछ ।

१३५. सानीभेरी नदीमा देखीने वेवारिसे लास र आकस्मिक दुर्घटनामा ज्यान गुमाउने नागरिकहरुको पहिचानका गर्न गरिने मृत शरिर परिक्षणका लागी निशुल्क यातायातको ब्यवस्था गरिनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**
**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

**<u>स्मार्ट सोच, स्मार्ट प्रविधि, स्मार्ट सानीभेरी</u>**

१३६. **सेवा ग्राही लाइनमा होइन अनलाइनमा** भन्ने भावलाइ आत्ससाथ गर्दै डिजिटल पालिका अन्तर्गत डिजिटल प्रोफाईल update गरी सेवा प्रवाहलाई एकीकृत प्रणालीसँग आबद्ध गरि यस पालिकालाई प्रविधि मैत्री डिजिटल पालिकामा परिणत गर्ने कार्य अगाडि बढाइनेछ।

१३७. आम नागरिकलाई डिजिटल साक्षरता अन्तर्गत स्थानीय नागरिक, कर्मचारी, जनप्रतिनिधि, स्वास्थ्य संस्था, विद्यालय लगायत सेवाप्रवाहसँग सम्बन्धित पक्षहरूलाई लक्षित गरी Digital Literacy (डिजिटल साक्षरता) सम्बन्धी कार्यक्रम लागू गरिनेछ।

१३८. एकीकृत व्यवस्थापन प्रणाली (Integrated Management System) सम्बन्धी कार्ययोजना बनाई पालिकाका विविध सेवा प्रणालीहरूलाई एकीकृत गरि सेवा प्रवाह विस्तार गरिनेछ।

१३९. एकीकृत सेवा प्रवाह सञ्चालन गरि प्रभावकारी बनाउन जनप्रतिनिधि तथा कर्मचारीहरूलाई सूचना प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१४०. पालिकाको सार्वजनिक क्षेत्रहरूमा सेवा प्रवाह गर्न सुरक्षित तथा निःशुल्क इन्टरनेट (Free Wi-Fi) पहुँच बिस्तार गरिनेछ।

सानीभेरी गाउँपालिका

१४१. पालिकाबाट प्रदान गरिने सेवाहरू तथा सूचनाहरू अनलाइनमार्फत प्रशारण गरिनेछ र वडा कार्यालयबाट उपलब्ध हुने सेवा सुविधालाई विद्युतीय प्रणाली बाट अझ प्रभावकारी बनाइनेछ।

१४२. सेवा प्रवाहमा टोकन प्रणाली, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, डिजिटल नागरिक वडापत्र, डिजिटल सूचना पाटी (Digital Notice Board), सामाजिक सञ्जाल लगायत प्रविधिहरूको समन्वयमा सेवा प्रवाह गरिनेछ।

१४३. स्थानीय तह स्वमूल्यांकन कार्यविधि, २०७७, वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ र स्थानीय आर्थिक विकास मूल्याङ्कन कार्यविधि, २०७९ का सूचकहरूमा आधारित भई राम्रा अभ्यासलाई निरन्तरता दिइनेछ, सुधार आवश्यक क्षेत्र पहिचान गरी क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयनमा तीव्रता ल्याइनेछ। पालिकाबाट सञ्चालन हुने क्रियाकलापहरूमा नवप्रवर्तन (Innovation) लाई विशेष प्राथमिकता दिइनेछ।

१४४. डिजिटल गुनासो व्यवस्थापन प्रणाली स्थापना गरिनेछ जसअन्तर्गत 'हेलो सानीभेरी सरकार मार्फत गुनासो तथा सुझावलाई छिटो समाधान गरिनेछ। यस्तो व्यवस्था वडा तहसम्म विस्तार गरिनेछ।

१४५. अनुगमन प्रणाली, तथ्याङ्क संकलन तथा सुशासन प्रवर्द्धन जस्ता विषयहरूलाई विद्युतीय माध्यमद्वारा बढीभन्दा बढी अनलाइनमा आधारित बनाइने नीति लिईने छ।

१४६. पालिकामा डिजिटल डाटा सुरक्षा तथा साइबर सुरक्षा सुनिश्चित गर्न नीतिगत व्यवस्था बनाई कार्यान्वयन गरिनेछ। यस अन्तर्गत डाटा ब्याकअप प्रणाली, फायरवाल तथा साइबर सुरक्षा परीक्षण गरिनेछ।

१४७. डिजिटल सेवामा पहुँच नभएका पिछडिएको वर्ग, महिला, जेष्ठ नागरिक, तथा अपाङ्गता भएका व्यक्तिहरूलाई लक्षित गरि "डिजिटल पहुँच सहायता केन्द्र" स्थापना गरिनेछ।

१४८. शिक्षा क्षेत्रमा सुधार गर्न पालिका क्षेत्रभित्रका विद्यालयहरूमा ई-लर्निङ प्रणाली, स्मार्ट कक्षा तथा ICT प्रयोगशाला स्थापना गरिनेछ। युवा लक्षित डिजिटल उद्यमशिलता तालिम, वेब तथा मोबाइल एप विकास, साइबर सुरक्षा तथा नवप्रवर्तन सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१४९. पालिकाको वेबसाइट तथा मोबाइल एपमा कृत्रिम बुद्धिमत्ता (AI) आधारित च्याटबोट सेवा विकास गरि नागरिकका सामान्य जिज्ञासाहरूको डिजिटल उत्तर प्रणाली लागू गरिनेछ।

१५०. विद्युतीय सार्वजनिक खरिद प्रणाली (E-Procurement System) विकास गरि पालिकाको सम्पूर्ण खरिद प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक र कुशल बनाइनेछ।

१५१. पालिकाको एकीकृत प्रणालीलाई क्लाउड कम्प्युटिङमा आधारित बनाइ सेवा प्रवाहको मापदण्ड बढाइनेछ। सबै वडा तथा सम्बन्धित कार्यालयहरू एकीकृत नेटवर्कमा आबद्ध गरिनेछ।

१५२. ई-गभर्नेन्स प्रवर्द्धन गर्न पालिकाको सम्पूर्ण नीति, निर्णय, बजेट र योजना कार्यान्वयन स्थिति सार्वजनिक पोर्टल निर्माण गरिने गरिनेछ ।

सानीभेरी गाउँपालिका

१५३. पालिकास्तरमा हुने सार्वजनिक सुनुवाई, बजेट सुनुवाई र सामाजिक परीक्षण कार्यक्रमहरू डिजिटल माध्यमबाट प्रत्यक्ष प्रशारण (Live Streaming) गरिनेछ जसले जनसहभागिता र पारदर्शिता बढाउनेछ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

**गाउँपालिकाबासी आमाबुवा तथा दाजुभाई दिदी बहिनीहरु,**

**<u>इमान्दार काम:राम्रो शासनको नाम</u>**

१५४. कार्यपालिकाका समितिहरुलाइ आवश्यकता र औचित्यतताका आधारमा पुनर्गठन गरी बार्षिक रुपमा गर्ने काम संस्थागत गरिनेछ ।कार्यपालिकाका समिति र सभाका समिति बिचको समन्वयात्मक भूमिका स्पष्ट पारिनेछ ।

१५५. आगामी आर्थिक बर्ष देखी सभाका समितिहरु पुनगर्ठन गरी क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।विधायकी अभ्यास र सभाका समितिहरुको काम कर्तब्यहरु ब्यवस्थित गरिनेछ।मिनि सभाका रुपमा समितिहरुलाइ कानुन निर्माणमा प्रशस्त अभ्यास गर्नका लागि आवश्यक स्रोत साधनहरु ब्यवस्था गरिनेछ ।सभाका समितिहरुलाइ गाउँ सभा नचलेको समयमा समेत काम गर्ने अवसर प्रदान गरिनेछ ।

१५६. **डोर टु डोर सेवा** प्रणालीको अवधारणा अन्तर्गत विभिन्न शिविर र ११ वटै वडामा घुम्ती सेवा प्रणाली को नीति लिइनेछ। आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ।

१५७. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा मात्र सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ।

१५८. अन्य स्थानीय तह तथा संघसंस्थाहरुले गरेका राम्रा अभ्यासबाट ज्ञान आर्जन, क्षमता विकास हुने खालका अध्ययन, अवलोकन तथा भ्रमण आवश्यकताका आधारमा गरिनेछ।

१५९. बिनियोजन कुशलता र बजेट खर्च गर्ने क्षमता अभिवृद्धिमा जोड दिइनेछ। सार्वजनिक खरीद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र गुणस्तरयुक्त बनाइनेछ साथै विभिन्न संघ संस्था तथा गाउँपालिका द्वारा गरिने सम्पुर्ण कार्यक्रममा स्टेशनरी सामानको प्रयोग बन्द गरिने छ ।

१६०. **पहिले दर्ता अनि सेवा (No Register No Service ) भन्ने मुल नारालाइ सबै क्षेत्रमा लागु गरिनेछ** ।ब्यक्तिगत घटना दर्तालाइ सतप्रतिशत बनाउन घटना दर्ता नभएकोले सेवा नपाउने नीति अबलम्बन गरिनेछ ।

मालिका गाउँपालिका

१६१. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्तालाइ प्रभावकारी बनाउन आ.व २०८२/८३ देखी बायोमेट्रिक प्रणालीमा जोडिनेछ ।स्थानीय तहका पञ्जिकाधिकारी तथा वडास्तरका जनप्रतिनिधिहरुलाइ घटना दर्ता सक्रियता अभिवृद्धि गर्न प्रशिक्षित गरिने छ ।सबै सामाजिक सुरक्षाका बैंक चेक उपलब्ध गराउन लक्ष्मी सनराइज बैंक संग समन्वय गरिनेछ ।

१६२. सूचनाको हकलाई प्रवर्द्धन गर्न सूचना अधिकारीको क्षमता विकास, वडा तहसम्म गुनासो सुनुवाइ संयन्त्र, नियमित र स्वतः प्रकाशन जस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ। आगामी आर्थिक बर्षको श्रावन महिनादेखी पालिकाको नयाँ प्रशासनिक भवनबाट सेवा प्रवाह शुभारम्भ गरिनेछ ।

१६३. प्रत्येक वडामा घुम्ती सेवा, सार्वजनिक सुनुवाइ ,बार्षिक प्रगति समीक्षा, अनुगमन तथा सुपरीवेक्षण र अन्य रचानात्मक कार्य अबलम्वन गरी नागरिक सन्तुष्टी अभिवृद्धि गरिनेछ।

१६४. कर्मचारीहरुमा उत्प्रेरणा र क्षमता विकास गर्नको लागि तालिम तथा प्रशिक्षण, कदर पत्र सहित सम्मान, प्रोत्साहन र पुरुस्कृत गर्ने ब्यबस्था मिलाइनेछ।

१६५. क्रमश पुँजीगत खर्चलाइ बृद्धि गर्दै सार्वजनिक खर्चमा मितब्ययीता कायम गरिनेछ। संस्थागत सुशासनलाइ विशेष जोड दिइनेछ। दायित्व बर्षनी सर्दै जाने रोग सधैका लागि समाधान हुने गरी बजेट तथा कार्यक्रम प्रस्ताव गरिनेछ ।बित्तिय अनुशासन परिपालनामा जोड दिइनेछ ।

१६६. खरिद ईकाईको संस्थागत क्षमता वृद्धि तथा पुनःगठन गरिनेछ ।

## इमान्दार करदाता :समृद्ध सानीभेरीको दाता

१६७. **आजको कर भोलिको भर** भन्ने बिषयलाई आत्मसाथ गर्दै बार्षिक रुपमा संकलन हुन सक्ने राजश्व अनुमान अनुसार कर परिचालन गर्न करका दर घटाउने र दायरा बढाउदै लगिनेछ। राजस्व तिर्ने प्रणालीलाइ सरल र पारदर्शी बनाइनेछ ।

१६८. गाउँपालिकाभित्रका सबै व्यावसायहरुलाई करको दायरामा ल्याइनेछ। समयमै कर तिर्ने करदातालाइ निश्चित प्रतिशत कर छुट दिने नीति लागु गरिनेछ ।मोबाइबाटै अनलाइन प्रणाली मार्फत कर तिर्ने प्रणाली ब्यवस्थित गरिनेछ ।

१६९. करछली गर्ने र ब्यवसाय दर्ता नगरी संचालन गर्ने परिपाटी अन्त्य गरिनेछ ।करका दर, कर तिर्ने समय, जरिवाना र छुट सम्वन्धमा ११ वटै वडामा अभिमुखीकरण कार्य गरिनेछ ।

१७०. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का ब्यवस्थापन समयमै सम्पन्न गरी दहत्तर बहत्तरमा हुने राजस्व चुहावट नियन्त्रण गरिनेछ। राजस्व चुहावट नियन्त्रण गर्न नेपाल प्रहरी र नगर प्रहरी संगको समन्वयलाइ प्रभावकारी बनाइनेछ।

१७१. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

सानीभेरी गाउँपालिका

## शक्ति होइन समझदारी: हाम्रो न्यायिक जिम्मेवारी

१७२. **स्थानीय समाधान दिगो न्याय** विवाद समाधानमा संवाद समझदारी र मेलमिलापलाइ पहिलो बिकल्पको रुपमा प्रयोग गरिने छ । न्यूनतम खर्चमा र छोटो समयमा विवाद समाधान गर्ने प्रणाली विकास गरिनेछ ।

१७३. उजुरीकर्ताको गोपनीयता संरक्षण गरिनेछ। अदालत र अन्य न्यायिक निकायसंगको सहकार्यमा विवाद समाधान प्रक्रिया सुदृढ गरिनेछ ।कुनै पनि दबाब भेदभाव वा पक्षपात विना निष्पक्ष छानवीन र निर्णय प्रक्रियामा पुग्ने नीति लिइनेछ ।पीडित केन्द्रित नीति अबलम्बन गरिनेछ ।

१७४. समितिका सदस्यहरुलाइ नियमित रुपमा न्यायिक कानुनी र ब्यवहारिक तालिम दिइनेछ ।विवाद समाधानको प्रक्रिया र उपलब्धी सार्वजनिक रुपमा उपलब्धि गराइनेछ ।

१७५. विद्यालय समुदाय वा सन्जालमार्फत न्यायिक शिक्षा फैलाउने ब्यवस्था गरिनेछ ।मुद्दा फछ्यौट्ट हुन नसक्ने अवस्था र गम्भीर प्रकृतिका उजुरीलाइ सम्बन्धित निकायमा रिफर गरिनेछ ।

१७६. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

१७७. उजुरी कारबाही मेलमिलाप निर्णय लगायत सम्पुर्ण अभिलेख ब्यवस्थित गरी राखिने छ ।डिजिटल फाइलिङ र रिपोर्टिङको ब्यवस्था गरिनेछ ।

१७८. न्याय सम्पादनको कार्यलाइ थप ब्यवस्थित गर्न वडास्तरमा रहेका मेलमिलाप केन्द्रलाई व्यवस्थित र सक्रिय बनाईनेछ। असहाय अनपढ वा पहुँचबाट टाढा रहेका ब्यक्तिका उजुरी **प्रो एक्टिभ रुपमा टिपेर** सहजीकरण गरिनेछ ।

१७९. मेलमिलाप सम्वन्धी उत्कृष्ट काम गर्ने मेलमिलापकर्ताहरुलाइ कार्यविधिका आधारमा पारिश्रमिकको ब्यवस्था गरिने छ। बालबालिका संलग्न विवादमा संवेदनशील गोप्य र अभिभावको सहभागिताको प्रक्रिया अपनाइनेछ ।बालबालिकालाइ दण्ड भन्दा सुधारमुखी प्रक्रिया अपनाइनेछ ।

१८०. घरेलु हिंसा लैङ्गिक विभेद बालश्रम जातीय छुवाछुत जस्ता विषयमा शुन्य सहिष्णुता नीति लिइनेछ ।

## जहाँ साझा प्रयास :त्यहाँ उज्यालो बिकास

१८१. रुकुम पश्चिम स्थित सबै पालिकाको लगानीमा कार्यन्वयन हुने जलविद्युत, उत्पादनमुलक उद्योग र अन्य सामूहिक परियोजनामा शेयर लगानी गर्ने नीति अबलम्वन गरिनेछ ।यसलाइ पालिकाको दिर्घकालिन आम्दानीको स्रोतको रुपमा उपयोग गरिनेछ ।

१८२. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

सानीभेरी गाउँपालिका

१८३. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।यसमा स्थानीय जेष्ठ नागरिकहरुको भरपुर सहयोग लिईनेछ ।

१८४. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१८५. योजना तथा कार्यक्रम तर्जुमा गर्दा समावेशी तथा सहभागितामूलक योजना तर्जुमा प्रक्रियालाई अनिवार्य गरी दोस्रो आवधिक योजना र मध्यमकालीन खर्च संरचनामा आधारित बनाइनेछ।

१८६. गाउँपालिकाभित्र भएका विकास निर्माण तथा अन्य कार्यक्रमहरुको गुणस्तर र नियमितताको सम्बन्धमा गाउँपालिकास्तरीय अनुगमन तथा सुपरीवेक्षण समिति र वडा स्तरीय अनुगमन समितिले नियमित अनुगमन तथा प्रतिवेदन अनिवार्य गर्नुका साथै अनुगमन तथा सुपरीवेक्षणका लागि आवश्यक स्रोत साधनको ब्यबस्था मिलाइनेछ।

१८७. उपभोक्ताको हकहितलाई संरक्षण गर्न र बजार अनुशासन कायम राख्नका लागि उपभोक्ता सहित एकीकृत बजार अनुगमन गर्ने ब्यवस्था मिलाइनेछ।

१८८. उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यन्वयन सम्बन्धी तालिम तथा प्रशिक्षणको माध्यमबाट योजना कार्यन्वयन क्षमता बढाइनेछ। समयमै, गुणस्तरयुक्त र मापदण्ड बमोजिम योजना कार्यन्वयन गर्ने प्रत्येक वडाबाट १/१ गरी ११ वटा उपभोक्ता समितिलाई गाउँसभाबाट कदरपत्र सहित प्रोत्साहन गरिनेछ।

१८९. कुनै पनि सरकारी, गैरसरकारी संघसंस्था, निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिकाभित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरुप आयोजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरिने छ ।

१९०. सरकारी तथा गैरसकारी निकायका बजेट तथा कार्यक्रम गाउँपालिकाको बजेट तथा कार्यक्रमसंग दोहोरिन नदिन बार्षिक विकास कार्यक्रममा आबद्ध हुने गरी कार्यन्वयन गर्ने ब्यबस्था मिलाइनेछ।

१९१. सानीभेरी गाउँपालिका वडा नं १ लाई नमुना वडा बनाउन यसअघिको नीतिलाइ निरन्तरता दिइनेछ। छिमेकी पालिकासंग मिलेर सिमा क्षेत्रमा पुर्वाधार विकासका काम सम्पन्न गरिनेछ ।

**अन्त्यमा,**

१९२. आर्थिक बर्ष २०८२।०८३ को यस नीति तथा कार्यक्रमले सानीभेरी गाउँपालिकालाई समुन्नत नमूना गाउँपालिका निर्माण गर्ने आकाँक्षालाई आत्मसाथ गरेको छ। यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यन्वयनबाट स्थानीय उत्पादकत्व वृद्वि,जीवनयापनमा सहजता, मानव विकासमा सुधार, वातावरण संरक्षणमा योगदान, पुननिर्माण र पुनस्थापना, समता सहितको समानतामार्फत सामाजिक न्याय र गुणस्तरीय सेवा सहज रुपमा प्राप्त गर्न सहयोग गर्नेछ।

सानीभेरी गाउँपालिका

१९३. नेपालको संविधान, नेपाल सरकार, प्रदेश सरकार तथा सानीभेरी गाउँपालिकाको दोस्रो आवधिक पञ्चबर्षीय योजना आव २०८२।८३ संघ र कर्णाली प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, मध्यमकालीन खर्च संरचनाको सोच, लक्ष्य, उद्देश्य हासिल गर्न यस नीति तथा कार्यक्रमको कार्यन्वयनमा सबै तहका सरकारहरु, विकास साझेदार संघसस्थाहरु तथा आम गाउँपालिकाबासीहरुको सदैव सहयोग र साथ प्राप्त हुनेमा विश्वास गर्दछु।

१९४. हाम्रो सामू विद्यमान रहेका असंख्य चुनौतीका चाङहरुलाई वैज्ञानिक, जनमूखी र उत्तरदायीपूर्ण योजना तथा कार्यक्रमहरुमार्फत अवसरमा रुपान्तरण गर्ने अहंम जिम्मेवारीबोध निर्वाचित जनप्रतिनिधिहरुलाई आइलागेको छ। ब्यबस्थापकीय, कार्यपालिकीय र न्यायिक अधिकारको पूर्ण प्रयोग गर्दै **समृद्ध सानीभेरीः सुखी सानीभेरीबासी** बनाउन सदैव लागिपरिरहने प्रतिबद्धता यस सम्मानित गाउँसभामा राख्न चाहन्छु। नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने रुकुम पश्चिमबाट प्रतिनिधित्व गर्ने संघिय तथा प्रदेश सभाका सदस्यज्युहरु, उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू र कर्मचारीहरु, कार्यापालिका सदस्य ज्युहरु, विषयगत शाखाका कर्मचारीहरु,समितिका पदाधिकारी ज्यूहरु, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरु, समाजसेवी लगायत सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन ब्यक्त गर्दछु।

सानीभेरी गाउँपालिका

**धन्यवाद। । ।**

**विर्ख बहादुर विष्ट**
**अध्यक्ष**

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत